जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ७ • २०८१ साल जेठ १३ गते आइतबार (26 May, Sunday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

# सिरोहिया रिहाईको माग गर्दै गृहमन्त्रीको पुतला दहन

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसको भ्रातृसंगठन नेपाल तरुण दल र नेपाल विद्यार्थी संघ धनुषाले शनिवार उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेको राजीनामा माग्दै पुतला दहन गरेको छ।

नेपाल तरुण दल धनुषा र नेविसंघ धनुषाले संयुक्तरुपमा जनकपुरधाममा जुलुस प्रदर्शन गर्दै गृहमन्त्री लामिछानेको पुतला जलाएका छन्।

नेपाल तरुण दल धनुषाका उपाध्यक्ष राकेश विक्रम साहले गृहमन्त्री लामिछानेमाथि संसदीय छानबिन समिति गठन गर्नुपर्ने र कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई तत्काल रिहा गर्नुपर्ने माग गरे।

राराब क्याम्पस स्ववियूका सभापति मनिष यादवले प्रेस स्वतन्त्रतामाथि सरकारले ठाडो हस्तक्षेप गरेको आरोप लगाउँदै तत्काल सिरोहियालाई रिहा नगरिए कडा आन्दोलन गर्ने चेतावनी दिए।

नेपाली कांग्रेसले आइतवार काठमाण्डुमा जनप्रदर्शन गर्ने तयारी गरेको छ। काठमाण्डु उपत्यकाका तीनवटै जिल्लाबाट



संयुक्त रुपमा गरिने प्रदर्शनबाट सहकारी रकम अपचलन गर्ने गृहमन्त्री लामिछाने उपर छानबिन र सञ्चार उद्यमी सिरोहियाको रिहाईको माग गर्ने कांग्रेसले जनाएको छ।

नागरिकता सम्बन्धी मुद्दामा धनुषा प्रहरीको हिरासतमा रहेका कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष सिरोहियालाई उपचारका लागि अस्पताल भर्ना गरिएको छ । उच्च रक्तचाप र मुटुको चालमा गडबडी देखिए पछि उनलाई शुक्रबार राति प्रादेशिक अस्पताल जनकपुरधाममा भर्ना गरिएको थियो।

तर त्यहाँ उपचार सम्भव नभएपछि उनलाई स्थानीय काव्या अस्पतालमा भर्ना गरेर उपचार भइरहेको जनाइएको छ । अध्यक्ष सिरोहियालाई पहिलेदेखि नै डायबिटिज, उच्च रक्तचापलगायतका समस्या रहेको छ । उनलाई टाउको दुख्ने, रिंगटा लाग्ने, छाती दुख्ने जस्ता समस्या आएपछि धनुषा प्रहरीले अस्पताल भर्ना गर्नुपरेको जनाइएको छ।

जनकपुरधाममा गर्मी अत्यधिक बढेको कारण पनि सिरोहियालाई स्वास्थ्यमा जटिलता देखिएको चिकित्सकहरुले बताएका छन्। काव्या अस्पतालका सञ्चालक समेत रहेका डा.एस.के. सिंहले जनाए अनुसार उनको मुटुमा पहिलेदेखि नै समस्या रहेकोले हाल जटिलता बढेको छ । तर उनी भर्ना भएदेखि स्वास्थ्य अवस्था स्थिर रहेको डा.सिंहले बताए।

मंगलबार कान्तिपुर कार्यालयबाट गिरफ्तार गरिएको अध्यक्ष सिरोहियालाई प्रहरीले बुधबार बिहान जनकपुरधाम ल्याएको थियो। धनुषा जिल्ला अदालतको अनुमतिमा तीन दिन देखि धनुषा प्रहरीको हिरासतमा रहेका सिरोहियालाई शुक्रबार पुनः अदालतले तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको थियो।

## झुठो विवरण पेश गरी नागरिकता लिने 'आमा-छोरा'पक्राउ

# नागरिकताको सिफारिस गर्ने प्रमाण-पत्र उपलब्ध गराउने कारबाही मुक्त


**अनिल तिवारी**

वीरगञ्ज। किर्ते गरी नागरिकता लिएको आरोपमा जिल्ला प्रहरी कार्यालय पर्साले दुईजनालाई पक्राउ गरेको छ। झुठो विवरण पेश गरी नेपाली नागरिकता लिने वीरगञ्जका दुई जनालाई जिल्ला प्रहरी कार्यालय पर्साले पक्राउ गरेको छ। किर्ते गरी नागरिकता लिएका आमा छोरालाई प्रहरी चौकी आदर्शनगरले शुक्रवार पक्राउ गरेको थियो।

पक्राउ पर्नेमा वीरगञ्ज महानगरपालिका वडा नम्बर १० आदर्शनगर बस्ने अमन जलान भन्ने अमन चौधरी(अग्रवाल) र उनकी आमा अञ्जु चौधरी रहेकी छन् । २०८० साउन २३ गतेको मन्त्रिपरिषद्को बैठकले अमन चौधरी (अग्रवाल) ले झुठो विवरण पेश गरी जिल्ला प्रशासन कार्यालय पर्साबाट लिएको नागरिकता रद्द गरी कानुनी कारबाही अगाडि बढाउन आदेश दिएको थियो।

नागरिकता सम्बन्धी ऐन, २०६३ को दफा (१४)१ बमोजिम सरकारले उनको नागरिकता प्रमाणपत्र रद्द गरी संलग्न व्यक्तिहरुलाई कारबाही गर्न मन्त्रिपरिषद्को बैठकले निर्णय गरेको थियो।

जिल्ला प्रशासन कार्यालय पर्साबाट २०७७ कार्तिक २५ मा अमनले वंशजको आधारमा नेपाली नागरिकता लिएका थिए । मन्त्रिपरिषद्को निर्णयअनुसार जिल्ला प्रशासन कार्यालय पर्साले २०८० भदौ ३१ मा भारतीय नागरिक अमन चौधरी



(अग्रवाल) को नागरिकता रद्द गरेको सूचना अग्रवाललाई समेत दिएको थियो।

अग्रवालले पर्सा जिल्लाबाट २०७७ साल कार्त्तिक २५ गते नागरिकता लिएका थिए। तर उनकी आमा सोफिया रुथ भण्डारीले कास्की जिल्ला प्रशासन कार्यालयबाट २०७९ साउन २६ गते वंशजको आधारमा नागरिकता लिएकी थिईन् । सोफियाकोनामबाटनागरिकताबनाएकीअमन अग्रवालकी आमाको वास्तविक नाम अञ्जु चौधरी रहेको छ। उनको नागरिकता पनि नागरिकता सम्बन्धी ऐन, २०६३ को दफा (१४)१ बमोजिम सरकारले रद्द गरेको थियो। सरकारले नागरिकता रद्द गर्ने बैठकबाटै संलग्न व्यक्तिहरुलाई कारबाही गर्ने निर्णय पनि गरेको थियो।

अमनलाई जिल्ला प्रशासन कार्यालयका तत्कालीन प्रशासकीय अधिकृत अर्जुन पौडेलले नागरिकता को प्रमाण-पत्र दिएका थिए।

उनीहरु विरुद्ध असोज २०८० मा पक्राउ पुर्जी जारी भएको थियो। नेपाल प्रहरीको फरार प्रतिवादी सूचीमा रहेका अग्रवाललाई प्रहरीले पक्राउ गरेको थिएन्।

शुक्रवार बिहान प्रहरी चौकी आदर्शनगरले आमा र छोरा दुवैजनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता समेत रहेका डीएसपी केशर कुमार न्यौपानेले जनाएका छन् । दुवै जनाविरुद्ध नागरिकता सम्बन्धी कसूरमा कारवाही प्रक्रिया अघि बढाइएको उनले बताए।

प्रहरीले नागरिकता किर्ते गरेको कसुरमा आमा छोरालाई पक्राउ गरे पनि नागरिकता जारी गर्ने प्रशासकीय अधिकृत पौडेल, त्यसको जन्मदर्ता र नागरिकताका लागि सिफारिस गर्ने वडा कार्यालयलाई कारबाहीको दायरामा ल्याइएको छैन्।

त्यस्तै कास्की प्रहरीले पनि नाम र अन्य विवरण ढाँटेर नागरिकताको माग गर्नेलाई वंशजको आधारमा नागरिकता प्रमाण पत्र उपलब्ध गराउने प्रशासकीय अधिकृत, जन्मदर्ता र सिफारिस गर्ने वडा कार्यालयलाई कारबाहीको दायरामा ल्याएको छैन्।

चौधरी आमा छोराले वंशजको किर्ते गरी वंशजको नागरिकता प्रक्रियागत रुपमा प्राप्त गरेको देखिदैन्। नागरिकता प्रमाण-पत्र बनाउन उनीहरुले पर्याप्त धनराशी खर्च गरेको देखिन्छ।

अञ्जुले सोफियाको नामबाट नागरिकता लिन कायम गरेकी आमावुवा पनि नक्कली नै रहेको देखिन्छ । सोफिया रुथ भण्डारीका पिता र आमा पनि कारबाहीको दायरामा पर्ने सरकारको निर्णय छ। तर चौधरी आमा छोरालाई मात्र प्रहरीले झण्डै ९ महिनापछि पक्राउ गरेको छ।

आदर्शनगरमा घर र वीरगञ्जमा व्यवसाय गर्ने चौधरी परिवारवारे यतिको दिन सम्म प्रहरी अनभिज्ञ पनि थिएन्। स्रोतहरुका अनुसार प्रहरीसित सेंटिंग गरी अमन र अंजु निर्भिक रुपमा आफना काममा लागेका थिए। त्यस वापत उनीहरुले प्रहरीलाई 'राम्रो सेवा'गर्दै आएको स्थानीयहरु बताउँछन्।

अमन र अञ्जुलाई कारबाही गरिए पनि किर्ते नागरिकता लिएका कयौं मानिस प्रहरी र प्रशासनसित मिलोमतो गरी कारबाहीको दायरामा आएका छैनन् । त्यस्ता नागरिक प्रहरीको नियमित 'आयस्रोत' रहेको आरोप लाग्दै आएको छ।






# धनुषा जिल्ला लिग फुटबल सुरु



**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधाममा एन्फा धनुषा जिल्ला लिग फुटबल सुरु भएको छ। जिल्ला फुटबल संघको आयोजनामा जनकपुरधाम-१३ स्थित कभर्डहल फुटबल खेल मैदानमा जिल्ला लिग शनिबार देखि सुरु भएको छ। १० टिम सहभागी खेल अषाढ ४ गते सम्म सञ्चालन हुनेछ।

जनकपुरधाम उप महानगरपालिकाका मेयर मनोज साहले रेफ्रिलाई फुटबल हस्तान्तरण गर्दै जनकपुरधामको खेलकुद विकासकालागि उप-महानगर भित्र ५ खेल मैदान व्यवस्थित गर्ने योजना अगाडि बढाएको बताए। खेलकुदको विकासका लागि राजनीति दल एकमत हुनुपर्ने मेयर साहले बताए। पहिलो दिनको खेल जनकपुरधाम स्पोर्टस र बेगांडाबर बीच भएको खेल ३/३ गोलको बराबरीमा टुंगिएको छ। जनकपुरधाम स्पोर्टसको तर्फबाट शिव माझी २ गरे भने बेगांडाबरको तर्फबाट धनबहादुर मगर २ र पशाङ लामाले १ गोल गरे।

जनकपुरधाम स्पोर्टसको तर्फबाट २ गोल गरेका १७ नम्बरका खेलाडी शिव माझी म्यान अफ द म्याच चुनिए। आइतबार दोस्रो दिनको खेल यज्ञभूमि युवा समाज धारनपानीसंग उन्नतिशिल मुडिवाले प्रतिस्पर्धा गर्ने जिल्ला फुटबल संघ धनुषाका सदस्य तपेश्वर राउतले बताए।

# स्व कृष्णसेन स्मृति पुरस्कार खनाल र मण्डललाई

**टुडे समाचारदाता**

वीरगञ्ज। प्रेस सेन्टर नेपाल पर्साले स्व.कृष्णसेन स्मृति दिवसको अवसरमा वीरगञ्जका दुई पत्रकारलाई पुरस्कार वितरण गरेको छ।

कृष्णसेनको २२ औं स्मृति दिवसको अवसरमा वीरगञ्जमा एक कार्यक्रमको आयोजना गरी प्रेस सेन्टरले पत्रकार कृष्ण उदास खनाल राम मण्डललाई सम्मानित गरेको छ।

प्रेस सेन्टर नेपालका केन्द्रीय सदस्य तथा बारा इञ्चार्ज कृष्ण उदास खनाललाई कृष्णसेन स्मृति सम्मान पुरस्कार र सेन्टरका सदस्य राम मण्डललाई पर्सा क्रियाशील पत्रकारिता पुरस्कार प्रदान गरिएको प्रेस सेन्टर नेपालका केन्द्रीय सदस्य तथा पर्सा इञ्चार्ज नीरज पिठाकोटे मगरले जानकारी दिए। पुरस्कृत दुवै पत्रकारलाई जनही २१/२१ हजार रुपैयाँको पुरस्कार प्रदान गरिएको छ। पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषाल र नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव दीपेन्द्र चौहानले सम्मानित दुवैजनालाई प्रमाणपत्र तथा पुरस्कृत राशी बराबरको चेक हस्तान्तरण गरेका थिए।

प्रेस सेन्टर नेपाल पर्साका अध्यक्ष दीपक गौतमको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी भुसाल, सशस्त्र प्रहरीका प्रहरी उपरीक्षक राधेश्याम धिमाल, वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल अग्रवाल, नेपाल बार एसोशियसन पर्साका कमल मोहन पोखरेल, प्रेस सेन्टर नेपालका केन्द्रीय सदस्य तथा पर्सा इञ्चार्ज नीरज पिठाकोटे मगर, नेपाल पत्रकार महासंघ पर्साका उपाध्यक्ष युवराज खड्का लगायतका सञ्चाररकर्मीहरुको उल्लेख्य उपस्थिति रहेको थियो।

# पर्सामा पोलियोविरुद्धको खोप

**टुडे समाचारदाता**

वीरगञ्ज। पर्सामा आइतबारदेखिपहिलोचरणअन्तर्गत पोलियोविरुद्धको (आइपिभी) खोप अभियान सञ्चालन हुँदैछ।

जिल्लास्तरीय खोप समन्वय समिति सचिवालयले तीन चरणमा गरी जिल्लाका ३१ हजार आठ सय १२ जना बालबालिकालाई आइपिभी खोप लगाउने तयारी भएको जनाएको छ।

आइपिभी खोपको विश्वव्यापी अभाव हुँदा विसं २०७३ वैशाखदेखि २०७५ असोजभित्र जन्मिएका बालबालिका सो खोपबाट बञ्चित हुनुपरेको थियो।

सो अवधिमा जन्मिएर खोप लगाउन छुटेका बालबालिकामा पोलियो लाग्ने जोखिम रहने भएकाले उनीहरुलाई लक्षित गरी अभियान देशव्यापी रुपमा अघि बढाउन लागिएको छ।

जिल्लास्थित स्वास्थ्य कार्यालयका प्रमुख डा. मुक्तिनारायण श्रेष्ठले २०७३ वैशाखदेखि २०७५ असोजभित्र जन्मिएर आइभिपी खोप लगाउन बञ्चित रहेका बालबालिकालाई लक्षित गरेर अभियान सञ्चालन गर्न लागिएको जानकारी दिए।

'तत्कालीन समयमा विश्वव्यापीरुपमा आइभिपी खोपको अभाव भएकाले धेरै मुलुकका बालबालिका खोपबाट बञ्चित हुनुपर्‍यो,' उनले भने, 'सो अवधिमा जन्मिएका, खोप लगाउन छुटेका बालबालिकालाई अभियानमा सहभागी गराउन अभिभावकलाई अनुरोध गर्दछौं।'

कार्यालयका जनस्वास्थ्य अधिकृत मोदप्रसाद ठाकुरले आइपिभी विशेष गरेर बालबालिकाको दायाँ पाखुराको माथिल्लो भागमा मासुभित्र शून्य दशमलव पाँच मिलिलिटरको मात्रा दिनुपर्ने जानकारी दिए।

'आइपिभी खोप ढुवानी तथा भण्डारण दुई डिग्री सेल्सियसदेखि आठ डिग्री सेल्सियसमा राख्नुपर्ने हुन्छ,' उनले भने, 'पोलियोविरुद्धको खोप दुई प्रकारका छन्। मुखबाट खुवाइने (ओपिभी) र सुईबाट दिइने आइपिभी हुन्।'



जनस्वास्थ्य अधिकृत ठाकुरले पर्सामा खोप अभियान तीन चरणमासञ्चालन गरिने बताए।

'खोप लगाउन छुटेका उमेरसमूहका बालबालिकालाई तीन चरणको अभियानमा सहभागी गराउने गरी तयारी गरेका छौं.' उनले भने।

खोप समन्वय समिति सचिवालयका अनुसार पहिलो चरणमा जेठ १३ गतेदेखि १६ गतेसम्म वीरगञ्ज महानगरपालिका-१ देखि वडा नं १६ सम्म, बहुदरमाई नगरपलिकाका साथै विन्ध्वासिनी, पकहामैनपुर, छिपहरमाई, कालिकामाई, धोविनी र ठोरी गाउँपालिकामा खोप अभियान सञ्चालन गरिनेछ।

दोस्रो चरणमा पोखरिया र पर्सागढी नगरपालिका तथा जिराभवानी, जगरनाथपुर, पटेर्वासुगौली र सखुवाप्रसौनी गाउँपालिकामा अभियान सञ्चालन हुनेछ। तेस्रो चरणमा जेठ २३ गतेदेखि २६ गतेसम्म वीरगञ्ज-१७ देखि ३२ नं वडा क्षेत्रमा खोप लगाइने जनस्वास्थ्य अधिकृत ठाकुरले जानकारी दिए। उनका अनुसार तीनै चरणमा भवानी अस्पताल लिङ्करोड र वीरगञ्ज हेल्थ केयर अस्पताल बहुअरीमा खोप लगाइनेछ।

खोप अभियानमा सात सय आठ जना खोप कार्यकर्ता, स्वयंसेवक एक हजार चार सय १६ जना खटिनेछन्। त्यसैगरी एइएफआई एक सय १२ जना स्वास्थ्यकर्मीका साथै नारायणी अस्पतालका तीन जना चिकित्सक पनि तयारी अवस्थामा रहने ठाकुरले बताए।

जिल्ला खोप समन्वय समितिका अध्यक्ष नीरञ्जनप्रसाद सोनारले खोप अभियानमा कुनै पनि प्रकारको त्रुटि र कमजोरी नगर्न स्वास्थ्यकर्मी, खोप कार्यकर्ता, स्वयंसेवकलाई अनुरोध गरे।

'सचिवालयले अभियानको सुक्ष्मरुपमा अनुगमन गर्नेछ। अनुगमनका क्रममा कुनै त्रुटि वा कमजोरी भेटिएमा तत्कालै कारबाहीको सिफारिस सङ्घीय तथा प्रदेश मन्त्रालयमा पठाइनेछ,' उनले भने।

अभियानलाई स्वच्छ, सुरक्षित र भरपर्दो ढङ्गले अघि बढाउनुपर्नेमा जोड दिँदै अध्यक्ष सोनारले आफ्ना बालबालिकालाई पायक पर्ने ठाउँमा लगी खोप लगाउने कार्यमा सहयोग गर्न अभिभावकलाई अनुरोध गरे।

मधेश प्रदेशमा २ लाख ९२ हजार ९ सय ५९ जनालाई सो खोप लगाउने लक्ष्य राखिएको छ।

# 'थाइराइड देखिँदैमा सन्तान जन्मिँदैन भन्ने भ्रममात्र'

काठमाण्डु। पछिल्लो समय नसर्ने रोग थाइराइडको समस्या बढ्दै गएको छ। चिकित्सकहरूका अनुसार पुरुषको दाँजोमा महिलामा थाइराइडको समस्या बढी छ। थाइराइड फेडेरेशन इन्टरनेशलका अनुसार प्रत्येक आठ महिलामध्ये एकले आफ्नो जीवनकालमा थाइराइडको समस्या भोग्न सक्छन्। महिलामा थाइराइडको समस्या देखिए बच्चा बस्दैन भन्ने बुझाइ भ्रममात्र भएको चिकित्स बताउँछन्। महिलामा थाइराइडको समस्या हुँदा महिनावरी गडबढी हुने, छाला सुक्खा हुँदै जाने, कपाल झर्ने, मुड परिवर्तन भइराख्ने, जाँगर नचल्ने र थकाइ बढी लाग्ने सम्भावना हुन्छ। हार्मोन, थाइराइड तथा मधुमेह रोग विशेषज्ञ डा रुपक भारी भन्नुहुन्छ- "थाइराइडको समस्या भएर बच्चा जन्मिदैन भनेर महिलालाई विभेद गरिन्छ, त्यो सरासर गलत हो।"

उहाँ भन्नुहुन्छ, "थाइराइडको समस्या हुँदा सजिलै बच्चा नबस्ने, बच्चा बसे पनि खेर जाने अथवा कमजोर बच्चा जन्मिने हुन्छ। तर बच्चै नहुने भन्ने हुन्न।" कतिपय समस्या भोगेका महिलाले परिवार तथा सामाजबाट यातनासमेत पाउने गरेको उहाँ बताउनुहुन्छ। थाइराइडको समस्याले भन्दा पनि समाज र परिवारले दिने यातनाको तनावले बच्चा नजन्मिने खतरा हुने डा भारीको भनाइ छ। "थाइराइडका कारण नहुने भन्ने हुन्न। हर्मोन सन्तुलन गर्ने उपचारपश्चात महिलाले बच्चा जन्माउन सक्छन्", उहाँले भन्नुभयो। थाइराइड कुनै रोग होइन, यो घाँटीमा हुने ग्रन्थी भएको उल्लेख गर्दै डा भारीले यसले हार्मोन उत्पादन गर्ने तथा त्यसमा गडबढी आएमा समस्या हुने बताउनुभयो।

नेशनल इन्स्टिच्युट अफ हेल्थ (एनआइएस)का अनुसार थाइराइड मुख्यतः दुई प्रकारका हुन्छन्। हाइपरथाइरोडिजम (हार्मोन बढी उत्पादन हुने) र हाइपोथाइरोडिजम (हार्मोन कम उत्पादन हुने)। हार्मोन उत्पादन कम भएमा एक्कासी तौल बढ्ने, मुटुको चाल कम हुने, रक्तचाप कम हुने, छाला सुक्खा हुने तथा कब्जियत हुनसक्छ। हार्मोन उत्पादन बढी भएमा शरीरको तौल घट्ने, मुटुको धड्कन तेज भएर जाने, रक्तचाप बढ्ने, आँखाको गेडी नै बाहिर निस्केलाजस्तो ठूलो भएर जाने, आत्तिने र पसिना चिटचिट हुने समस्या देखिन्छ।

डा भारीका अनुसार थाइराइडको समस्या जोकोहीलाई र जुनसुकै उमेरमा पनि देखिन सक्छ। उहाँ भन्नुहुन्छ, "हार्मोन उत्पादन कम हुने समस्या बढी देखिने गरेको छ। कुनै पनि रोग वा समस्याको सही समयमा पहिचान भयो भने उपचार सम्भव छ। थाइराइडलाई ठूलो समस्या बनाइएको छ। तर उपचारपछि हार्मोन नियन्त्रणमा ल्याउन सकिन्छ, डराउनुपर्ने कारण छैन।" थाइराइडको समस्या थाहा पाउन वर्षमा एकपटक थाइराइड फङ्सन टेस्ट (टिएफटी) गर्न उहाँ सुझाउनुहुन्छ।

"थाइराइडमा खानेकुरा बार्नुपर्ने भन्ने छैन। स्वस्थकर खाना मजाले खान सकिन्छ। स्वस्थ जीवनशैली अपनाउन जरुरी छ। स्वस्थकर खाना, सकरात्मक सोच, शरीरको तौल नियन्त्रण, नियमित व्यायाम गर्न आवश्यक छ", डा भारी भन्नुहुन्छ।

हरेक वर्ष मे २५ तारिखमा विश्व थाइराइड दिवस मनाइन्छ। यस वर्षको विश्व थाइराइड दिवसको नारा थाइराइडलाई नसर्ने रोगको रूपमा लैजाने भनिएको छ। थाइराइड ग्रन्थीको महत्व र थाइराइड रोग भएका व्यक्तिलाई सही निदान र उचित उपचार सुविधामा पहुँचका विषयमा छलफल तथा चेतना जगाउन यो दिवस मनाइन्छ। थाइराइड फेडरेशन इन्टरनेशलका अनुसार विश्वभर थाइराइडको जोखिममा एक अर्ब ६० करोड व्यक्ति रहेको अनुमान गरिएको छ। रासस

# चीनसँग जोडिएका अधिकांश नाका पुनः सञ्चालनमा

काठमाण्डु। नेपाल सरकारको निरन्तरको कूटनीतिक प्रयासपछि संखुवासभास्थित चीनसँग सीमा जोडिएको किमाथाङ्कासहित अधिकांश व्यापार नाका शनिबारदेखि पुनः सञ्चालनमा आएका छन्। कोभिड महामारीका कारण देखाउँदै चीन सरकारले बन्द गरेका ती नाका नेपाल र चीनका उच्च राजनीतिक नेतृत्वबीचको वार्ता, संवाद र सहमतिबाट करिब चार वर्षपछि पुनः सञ्चालनमा आएका हुन्।

कोभिड-१९ फैलने डरले चीन सरकारले किमाथाङ्कासहित उत्तरी क्षेत्रमा रहेका १४ वटा परम्परागत सीमा व्यापार नाका बन्द गरेको थियो। परम्परागत नाका पुनः सञ्चालनका लागि दुई मुलुकबीच कूटनीतिक माध्यमबाट निरन्तर छलफल हुँदै आएको थियो। उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले गत चैतमा गर्नुभएको जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणका अवसरमा नेपाल-चीन सीमा क्षेत्रमा रहेका सम्पूर्ण परम्परागत व्यापार नाका क्रमशः खुलाउने समझदारी भएको थियो।

रसुवागढी-केरुङ, तातोपानी-झाङ्मु, यारी-पुरान तथा नेचुङ-लिची (कोरला) व्यापारिक नाका यसअगावै सञ्चालनमा आइसकेका छन्। ताप्लेजुङको टिप्तला नाका पनि शुक्रबारदेखि पुनः सञ्चालनमा आएको छ। किमाथाङ्कासहित नेपाल-चीन सीमामा रहेका १४ वटै व्यापार नाका पुनः सञ्चालनको उद्घाटन समारोहमा सहभागी हुन उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री श्रेष्ठको नेतृत्वमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की, गृह र परराष्ट्र मन्त्रालयका सहसचिव, प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित सुरक्षा निकायका प्रमुखलगायत उच्चपदस्थ अधिकारी सहभागी प्रतिनिधिमण्डल आज किमाथाङ्का जाँदैछ।

उपप्रधानमन्त्री श्रेष्ठ र चीनको तिब्बत स्वायत्त क्षेत्रका उपाध्यक्ष सिलाङ निमाले एक समारोहकाबीच किमाथाङ्का-छेन्ताङसहित सम्पूर्ण व्यापार नाका पुनःसञ्चालन भएको घोषणा गर्ने कार्यक्रम छ। उक्त कार्यक्रमबाट नेपाल-चीन सीमामा रहेका १४ वटै व्यापार नाका खुलेको घोषणा गरिने सङ्खुवासभाका प्रमुख जिल्ला अधिकारी ध्रुवबहादुर खड्काले राससलाई जानकारी दिनुभयो। चिनियाँ पक्षले आजदेखि विभिन्न सातवटा नाका खोल्ने र अन्य नाका निश्चित समयभित्र खुलाउँदै जाने जानकारी गराएको परराष्ट्र मन्त्रालयले जनाएको छ। आजदेखि दार्चुला, डोल्पा, मुस्ताङ, गोरखा, दोलखा, ताप्लेजुङ र सङ्खुवासभा जिल्लासँग सीमा जोडिएका नाका खुल्ने छन्।

उत्तरी क्षेत्रमा रहेका सम्पूर्ण व्यापार नाका खुलेसँगै सीमा क्षेत्रमा राज्यका उपस्थिति हुने, भन्सार राजस्वमा वृद्धि हुने, स्थानीय उत्पादनको बिक्री तथा रोजगार सिर्जना हुनेछ। "अहिले उत्तरी सीमाका सीमित नाकाबाट मात्रै भन्सार राजस्व सङ्कलन भइरहेकामा नाका खुलेसँगै भन्सार राजस्वमा योगदान थप्छ", संखुवासभाका प्रजिअ खड्काले भन्नुभयो, "हिमाली क्षेत्रमा उत्पादन हुने परम्परागत हस्तकलाका सामग्रीले चिनियाँ बजारमा सहजै प्रवेश पाउँछन्।"

सीमा क्षेत्रमा भन्सार सञ्चालनमा आउने, स्थानीय उत्पादनको बिक्री वितरण बढ्ने हुँदा त्यसबाट स्थानीय रोजगारीमा वृद्धि हुनेछ। "सीमानाका सञ्चालनमा नआउँदा उत्तरी क्षेत्रका रोजगारी ठप्प भएका थिए", उहाँले भन्नुभयो, "अब चिनियाँ भूभागमा गएर रोजगारी गर्न पाउने अवसर खुल्छ, सीमा क्षेत्रमा हुने भन्सार गतिविधिले रोजगारी पनि सिर्जना गर्छ।" सीमानाका खुलेसँगै उच्च हिमाली क्षेत्रका जनताको जीवनस्तरमा ठूलो परिवर्तन ल्याउने उहाँको भनाइ छ।

**स्थानीयस्तरमा बढ्यो उत्साह**

विसं २०७६ माघ ५ गतेदेखि बन्द रहेको किमाथाङ्का नाका खुल्ने भएसँगै स्थानीयस्तरमा ठूलो उत्साह बढेको प्रमुख जिल्ला अधिकारी खड्का बताउनुहुन्छ। नाका खुलेको खुशियालीमा आज भोटखोला क्षेत्रमा ठूलो व्यापार मेला आयोजना गरिएको उहाँले जानकारी दिनुभयो। मेलामा सहभागी हुन सदरमुकामबाट व्यापारीको टोली शुक्रबार नै त्यसतर्फ प्रस्थान गरिसकेको छ।

किमाथाङ्का नाकासँग भोटखोला गाउँपालिका जोडिएको छ। भोटखोला गाउँपालिकाका वडा नं १, २ र ३ ले उत्तरी छिमेकी चीनको भूभाग छोएका छन्। किमाथाङ्का-छेन्ताङ नाकाको प्रवेश विन्दु भोटखोला वडा नं १ मा पर्छ। भोटखोलामा करिब पाँच हजार मानिसको बसोबास रहेको अनुमान छ। यहाँ आलु र कोदो मात्र उत्पादन हुँदै आएको छ। स्थानीय उत्पादनले मुस्किलले दुई/तीन महिनाको मात्र माग धान्ने स्थानीयको भनाइ छ।

नाका बन्द भएसँगै सीमावर्ती क्षेत्रसँग जोडिएको भोटखोलाका स्थानीयको जनजीवन कष्टकर हुँदै आएका थिए। भोटखोला गाउँपालिकाका अधिकांश जनता खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तुका लागि सीमावर्ती चिनियाँ बजारमा निर्भर हुँदै आएका थिए। सीमावर्ती क्षेत्रका नागरिकले उत्पादन गरेका चौरीको दूध, घ्यू, भेडाको ऊन र जडीबुटीलगायत चिनियाँ बजारमा बिक्री गर्ने तथा चौरी तथा भेडा चरनका लागि चिनियाँ भूभागमा लाँदै आएका प्रजिअ खड्काले बताउनुहुन्छ। नेपालमा चौँरी तथा भेडाका लागि खर्कको अभाव छ। चीनको तिब्बत क्षेत्रमा रहेका खर्कमा उत्तरी सीमावर्ती क्षेत्रका स्थानीयले चौरी तथा भेडा चराउने गरेका थिए।

किमाथाङ्का नाकाबाट मुख्य गरी स्थानीय उत्पादन तथा दैनिक जीविकाका सामग्रीको व्यापार हुँदै आएको थियो। किमाथाङ्का नाकामा अझै पनि सडक सञ्जाल पुगेको छैन। "अहिले पनि सडक पुगेको स्थानबाट दुई दिन हिँडेर नाका पुग्न सकिन्छ, निकै विकट स्थानमा भएकाले सदरमुकामबाट चामल, नुन, तेल, चिनीलगायत दैनिक अत्यावश्यक वस्तुको आपूर्ति गर्न असहज छ", प्रमुख जिल्ला अधिकारी ध्रुवबहादुर खड्काले भन्नुभयो। सीमावर्ती क्षेत्रका स्थानीयले दैनिक आवश्यकताका वस्तु चिनियाँ बजारमा खरिद गरेर ल्याउने गरेका थिए। रासस

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति। |
| बृष | : पारिवाहिक सुख। |
| मिथून | : धन वृद्धि सञ्चय। |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख। |
| सिंह | : सुख समृद्धि हुने। |
| कन्या | : भ्रमण अवसर हुने। |
| तुला | : अवसर प्राप्त। |
| बृश्चिक | : वाद विवादबाट बच्नु। |
| धनु | : पुरस्कार प्राप्त लाभ। |
| मकर | : नयाँ कार्य हुने। |
| कुम्भ | : बौद्धिक क्षमता। |
| मीन | : प्रतिभा सम्पन्नता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




दुई दशकदेखि बन्द भएर जीर्ण अवस्थामा पुगेको **वीरगञ्ज चिनी कारखाना**। उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति अन्तर्गतको चिनी उद्योग तथा उखु किसानहरूका समस्या समाधान र सुझाव उपसमितिले गत फागुनमा उक्त चिनी कारखानाको स्थलगत अवलोकन गर्दै यसलाई फेरि सञ्चालन गर्न सकिने सुझाव दिएको थियो। *तस्बिरः रासस*

# केपी कोरोना कम घातक

**टुडे समाचारदाता**

काठमाण्डु । कोरोना भाइरसको नयाँ सब भेरियन्ट 'केपी' सङ्क्रामक भए पनि कडा खालको नभएको बताइएको छ।



सरुवा रोग विशेषज्ञ डा सागरराज भण्डारीले अहिले देखिएको नयाँ भेरियन्ट मानिसमा चाँडो सरे पनि घातक नभएको बताएका छन्। राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले कोरोना भाइरस सङ्क्रमितमध्ये ४२ जना व्यक्तिको ' जिन सिक्वेन्सिङ' गर्दा 'केपी.१' 'केपी.२' 'केपी.३' र 'केपी.४' पुष्टि भएको थियो। "यो प्रजातिको भेरियन्टले मानिसलाई लामो समयसम्म रुघाखोकी लगाउने भए पनि त्यति घातक छैन," उनले भने, "तर दीर्घरोगी भएका बिरामीले सतर्कता अपनाउनु पर्दछ।"

कोरोनाका भेरियन्ट परिवर्तन भइरहने र पछि इन्फ्लुएन्जाको रुप लिने सक्ने भएकाले नियमित कोरोना भाइरसविरुद्धको खोप लगाउनुपर्ने उनको भनाइ छ।

'केपी.१' १२ जनामा, 'केपी.२' १७ जनामा, 'केपी.३' र 'केपी.४' एक/एकजनामा देखिएको थियो।

# आम जनता पार्टीले लघुवित्त र सहकारीको रकम अपचलनविरुद्ध संघर्ष गर्ने




काठमाण्डु । आम जनता पार्टीले विदेशमा गएका कामदारबाट लिइएको अवैध रकम फिर्ता दिलाउन अभियान सञ्चालन गर्ने निर्णय गरेको छ। पार्टी अध्यक्ष प्रभु साहको अध्यक्षतामा शनिबार बसेको केन्द्रीय पदाधिकारीको बैठकले कामदारबाट लिइएको अवैध रकम फिर्ता र बेथितिविरूद्ध सातै प्रदेशमा विरोधका कार्यक्रमलाई अभियानका रूपमा अगाडि बढाउने निर्णय गरेको छ।

बैठकले विदेशी नागरिकता लिएकाको सम्पति कति र कहाँ छ भन्नेबारे खोजबिन गरी कब्जा गर्न सरकारलाई जनदबाव दिने निर्णयसमेत गरेको अध्यक्ष साहले बताउनुभयो।

"भ्रष्टाचार नियन्त्रण गर्नमा राज्यका सङ्यन्त्रको भूमिका प्रभावकारी भएन । त्यसैले बैंकले लिएको मनोमानी ब्याज फिर्ता गराउन सरकारलाई माग गर्ने र लघुवित्त र सहकारीको रकम अपचलन गर्नेविरुद्ध पीडित जनताको पक्षमा जारी सङ्घर्षलाई थप सशक्त, प्रभावकारी एवम् देशव्यापी बनाउने निर्णय गरिएको छ", अध्यक्ष साहले भन्नुभयो।

बैठकले शिक्षा क्षेत्रमा सुधारका लागि प्रत्येक विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दीको व्यवस्था गर्न पुनः माग गरेको छ।

बैठकले उपत्यका विशेष कमिटीसहित सातै प्रदेशका इञ्चार्जलाई विभिन्न जिम्मेवारीसमेत तोकेको जनाइएको छ।रासस

# पासमान सामुदायिक भवनको जग्गा विक्री गरिएपछि स्थानिय आक्रोशित

**टुडे समाचारदाता**

सिरहा । सिरहामा तीन दशक पुरानो पासमान सामुदायिक भवनको जग्गा विक्री गरिएपछि स्थानियवासी आन्दोलीत भएका छन्।



सिरहाके कर्जन्हा नगरपालिका-९ मा रहेको पासमान सामुदायिक भवनको जग्गा बिक्री गरिएपछि स्थानीय आक्रोशित भएका हुन् । विसं २०३७ मा पासमान सामुदायिक भवन निर्माणका लागि स्थानीय कासिन्द्र मोरवैताले प्रदान गरेको साढे आठ धुर जग्गामा विसं २०५४ देखि सामुदायिक भवन निर्माण गरी प्रयोग हुँदैआएकामा मिलेमतोमा बिक्री गरिएको स्थानीयको आरोप छ।

स्थानीय विनोद पासमानले पासमान सामुदायको भावनासँग जोडिएको सामुदायिक भवनको जग्गा व्यक्तिको नाउँमा पास भएपछि आफूहरु अन्यायमा परेको बताएका छन् । "यो सामुदायिक भवनसँग हाम्रो तीन दशकको सम्बन्ध छ । यसमा समुदायको सामाजिक, सांस्कृतिक एवम् भावनात्मक सम्बन्ध गाँसिएको छ। तत्कालीन कर्जना गाविसले दिएको रकम र यहाँका समुदायले दुःख गरी कमाएको पैसाबाट जनश्रमदान गरी एकतले भवन बनाएका थियौँ", पासमानले भने, "यसै भवनबाट हामी सार्वजनिक भेला, छलफल, भोजभतेरलगायत सामाजिक कार्य गर्दै आएका छौँ। अब यो खरिद बिक्री गरिएपछि कहाँ जाने ?"

स्थानीयले वडाध्यक्षको संलग्नतामा गत माघ १६ गते स्थानीय एक व्यक्तिको नाममा दर्ता कायम गरिएको भन्दै शुक्रबारदेखि वडा कार्यालयमा तालाबन्दीसहित आन्दोलन सुरू गरेका छन् । अर्का स्थानीय रामलखन पासमानले स्थानीयको पहलमा भवन जीर्ण भएपछि दुईतले नयाँ भवन निर्माणका लागि मधेस प्रदेश सरकारबाट चालु आर्थिक वर्षका लागि रु ५० लाख विनियोजन गरिएकामा सो रकम कार्यान्वन गर्ने क्रममा जग्गा व्यक्तिको नाममा दर्ता गरिएको थाहा भएको बताए । "योजना कार्यान्वयनका लीग उपभोक्ता समिति गठन भइसकेको थियो । पुरानो भवनसहितको जग्गा अरुकै नाममा दर्ता गरिएपछि बजेट नै फ्रिज हुने सम्भावना बढेर गएको छ । त्यसविरुद्ध आन्दोलनमा गरिरहेका छौँ", उनले भने।

सामुदायिक भवनको नाममा जग्गा फिर्ता गर्न स्थानीयले पटकपटक विरोध प्रदर्शन गर्दै आएका छन् तर त्यसको सुनुवाइ हुनसकेको छैन। वडा कार्यालय र नगरपालिकाको न्यायिक समितिमा निवेदन दिए पनि मागलाई बेवास्ता गरेकाले बाध्य भएर वडा कार्यालयमा तालाबन्दीसहित आन्दोलन गर्नुपरेको स्थानीय गुब्दी देवी पासमानले बताए।

सामुदायिक जग्गा कसले र कसरी व्यक्तिलाई बिक्री गरे भन्ने विषयमा अहिले स्थानीयस्तरमा निकै चासो छ । स्थानीयले वडाध्यक्ष मो.मस्तकिमकै मिलेमतोमा उक्त काम भएको बताइरहेका छन् भने अवडाध्यक्षले भने आफूले जग्गा बिक्री गर्न सिफारिस नदिएको तर तत्कालिन कार्यवाहक वडाध्यक्ष मोतीप्रसाद पासमानले सिफारिस दिएको बताइरहेका छन् । उनको भनाइ छ, "हामीले अर्कै जग्गा बिक्री गर्न सिफारिस दिएका थियौँ । मालपोतका हाकिमले पुरानै सिफारिसलाई आधार मानेर जग्गा पास गरिदिए छन्। यसलाई सच्चाउन पहल गर्नेछु।"

# 'क्लाइमेट स्मार्ट स्कुल' तथा युवा पैरवीसम्बन्धी कार्यशाला

**टुडे समाचारदाता**

काठमाण्डु। युरोपियन युनियन (इयु)को सहयोगमा ' क्लाइमेट स्मार्ट स्कुल' तथा युवा पैरवीसम्बन्धी तीन दिवसीय अभिमुखीकरण कार्यशाला सम्पन्न भएको छ।

शनिबार काठमाडौँमा भएको कार्यशाला क्रिएसन नेपालद्वारा सञ्चालित 'ग्रिनसिफ्ट' परियोजना कार्यान्वयन गर्ने उद्देश्यले सञ्चालन गरिएको आयोजकले जनाएको छ। अभिमुखीकरणमा बागमती प्रदेशबाट ललितपुर महानगरपालिका, लुम्बिनी प्रदेशबाट नेपालगञ्ज उपमहानगरपालिका र मधेस प्रदेशबाट बर्दिबास नगरपालिकाका चार विद्यालयका शिक्षक, शिक्षिका तथा स्थानीय युवा समूह सहभागी थिए। उनीहरुलाई प्लाष्टिक फोहरमैला व्यवस्थापनलगायतका विषयमा अभिमुखीकरण गराइएको थियो।

गोष्ठीमा सहभागीलाई परियोजनाका विषयमा विस्तृत जानकारी गराइनुका साथै सञ्चारको आधारभूत ज्ञान, परियोजनाका सञ्चार दिशानिर्देशहरु, सामाजिक सञ्जाल प्रयोग गर्ने तरिका, वित्तिय रिपोर्टिङ, कार्ययोजना निमार्णका साथै नेतृत्व क्षमता अभिवृद्धिसम्बन्धी तालिम प्रदान गरिएको थियो।

क्रिएसन नेपालका अध्यक्ष आनन्द मिश्रले गोष्ठीमा सहभागीले व्यावहारिक ज्ञान हासिल गरी आआफ्नो कार्यक्षेत्रमा फर्किसकेपछि लागू गर्ने विश्वास व्यक्त गरेका थिए। वातावरण संरक्षण गर्ने हरेक नागरिकको कर्तव्य भएकाले समुदाय र विद्यालयस्तरबाट सचेतना जगाउनसके न्यूनीकरण हुनसक्ने मिश्रले बताए।

ग्रिनसिफ्ट परियोजनाका प्रमुख युनिस घिमिरेले युवाहरुले सामुदायिकस्तरमा फोहरमैला व्यवस्थापनसम्बन्धी प्रभावकारी क्रियाकलाप सञ्चालन गर्न पाठ्यक्रममा आधारित प्लास्टिकजन्य फोहरमैला व्यवस्थापनका विषयमा अभिमुखीकरणमा व्यावहारिक ज्ञान प्रदान गरेको बताए। ग्रिनसिफ्ट परियोजना चार वर्षका लागि तीन प्रदेशका नौ स्थानीय तहमा सञ्चालन भइरहेको छ।

# मदन भण्डारी पुरस्कारका लागि आवेदन माग

**टुडे समाचारदाता**

काठमाण्डु । मदन भण्डारी फाउन्डेसनले 'मदन भण्डारी राष्ट्रिय पुरस्कार-२०८०' का लागि दरखास्त आह्वान गरेको छ। आगामी असार ५ गतेभित्र फाउन्डेसनमा निवेदन पेस गर्नुपर्नेछ।

फाउन्डेसनले जारी गरेको सूचनाअनुसार सामाजिक न्याय, पर्यावरण संरक्षण, आर्थिक समृद्धि विभेदरहित समाज निर्माणका क्षेत्रमा अध्ययन, अनुसन्धान र नवीन प्रयोग गरी समाजमा महत्वपूर्ण योगदान पुऱ्याएका एक जनालाई पुरस्कार प्रदान गरिनेछ । पुरस्कारको राशि रु एक लाख र प्रमाणपत्र रहेको छ।

मदन भण्डारी जन्मजयन्तीका दिन असार १४ गते प्रदान गरिनेछ । फाउन्डेसनले २०६८ सालदेखि समाजमा विशेष योगदान गरेका व्यक्तिलाई मदन भण्डारी राष्ट्रिय पुरस्कार प्रदान गर्दै आएको छ।

# बालबालिकालाई पोलियोविरुद्धको खोप लगाइँदै

काठमाण्डु । बैतडी, गोरखा र कञ्चनपुरका बालबालिकालाई पोलियोविरुद्धको खोप लगाइँदैछ।

कञ्चनपुरका ३३ हजार नौ सय ४२ बालबालिकालाई पोलियोविरुद्धको आइपिभी खोप लगाइने छ । पाँच वर्ष मुनिका बालबालबालिकाई राष्ट्रिय खोप कार्यक्रमअन्तर्गत जेठ १३ गतेदेखि २६ सम्म सम्बन्धित पालिकाका विद्यालय र खोप केन्द्रमा खोप लगाईने भएको हो।

खोप अभियानका लागि जिल्लामा एक सय ५३ स्वास्थ्यकर्मी र सात सय १० महिला स्वास्थ्य स्वयंसेविका गरी आठ सय ६३ जना परिचालन गरिएको स्वास्थ्य कार्यालय कञ्चनपुरले जनाएको छ। यो खोप २०७१ सालदेखि लगाउन सुरु गरिएको हो । शुक्लाफाँटा नगरपालिकाका तीन हजार पाँच सय ८०, भीमदत्त नगरपालिकाका आठ हजार पाँच सय ६२, बेल्डाँडी गाउँपालिका एक हजार एक सय ७४, बेलौरी नगरपालिकाका दुई हजार सात सय ९३, लालझाडी गाँउपालिकाका एक हजार तीन ८१ बालबालिकालाई खोप लगाइने छ। पुनर्वास नगरपालिकाका चार हजार तीन सय ११, बेदकोट नगरपालिकाका तीन हजार दुई सय ३२, कृष्णपुर नगरपालिकाका पाँच हजार छ सय ६७ र दोधाचाँदनी नगरपालिकाका तीन हजार दुई सय ४२ बालबालिकालाई खोप लगाइने छ।

यसैबीच जुम्लाबाट प्राप्त समाचारअनुसार जिल्लाका पाँच हजार आठ सय बालबालिकालाई पोलियोविरुद्धको खोप लगाइने भएको छ। पहिलो चरणमा जेठ १३ गतेदेखि १५ गतेसम्म पातारासी, गुठिचौर, चन्दननाथ र तातोपानीमा खोप अभियान सञ्चालन हुनेछ । दोस्रो चरणमा जेठ १८ गतेदेखि २० गतेसम्म तिला, हिमा, सिञ्जा र कनकासुन्दरी गाउँपालिकामा खोप अभियान सञ्चालन हुने जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ।

खोप अभियानअन्तर्गत २०७३ वैशाखदेखि २०७५ असोजसम्म जन्मिएका पाँचदेखि आठ वर्ष उमेर समूहका बालबालिकालाई मात्र खोप लगाइँनेछ। यसैबीच गोरखा समाचारदाताले जनाएअनुसार गोरखाका आठ हजारभन्दा बढी बालबालिकालाई पोलियोविरुद्धको खोप लगाइने भएको छ। जिल्लाका सबै पालिकामा जेठ १६ गते एकैसाथ खोप अभियान सञ्चालन गरी आठ हजार पाँच सय ३९ जना बालबालिकालाई खोप लगाउने तयारी जारी रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ।

एघार पालिका रहेको गोरखामा गोरखा नगरपालिकामा सबैभन्दा धेरै दुई हजार चार सय ८६ जना बालबालिकालाई खोप लगाइने छ । पालुङटार नगरपालिकामा एक हजार ९१, आरुघाट गाउँपालिकामा सात सय ३०, बारपाक सुलिकोट गाउँपालिकामा छ सय ६७ जना बालबालिकालाई खोप लगाइनेछ।रासस


आउनुहोस ! पुण्यको भागी बन्नुहोस !!

शिव गंगा टुर्स एण्ड ट्राभल्सद्वारा संचालित

यही मिति २०८१/०२/१९ गते शनिवारका दिन
२×२ लक्जरी भिडियोकोच बस खुल्ने गइरहेको छ ।

विशेष यात्रा

थालेवाली माई, नैमिसारण, बनारस, काशी विश्वनाथ ज्योतीलिंग, विन्धयाचल माई, अष्ठभुजी दुर्गा माता, प्रयागराज संगम स्नान, चित्रकोट चारधाम, राम घाट, सतिअन्सुइया, गुप्त गोदावरी, मन्दाकनी, कामतगरी, तुल्सीदास घाट, गुप्तेश्वर गंगा, बागेश्वर बालाजी धाम, विन्दावन, गोकुल, मथुरा, गोबरधन, वरसाना, नन्दगाउँ, श्री शनि देव मन्दिर अयोध्याधाम, गोरखपुर, गोरखनाथ दर्शन पुजा गर्दै जनकपुरधाम सम्मको ९ दिनको यात्राको लागि प्रति व्यक्ति रु. ७,५००/- भारु (दुई छाक भोजन समेत) भाडा लाग्ने जानकारी गराईन्छ।

सम्पर्क



प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९४ (नेपाल)
मो. ८२७१०८६९९३ (भारत)



गणेशमान चारनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिरेन्द्रबजार, धनुषा
मधेश प्रदेश, नेपाल

बोलपत्र स्वीकृतिको सूचना


प्रकाशित मितिः २०८१।०२।१३

यस कार्यालयबाट राष्ट्रिय दैनिक जनकपुर टुडे पत्रिकामा मिति २०८१।०१।०७ मा प्रकाशित निम्न निर्माण कार्यको बोलपत्र आव्हानको सूचना अनुसार म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपसिलमा उल्लेख भएका बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र. सं. | बोलपत्र नं. | कामको विवरण | छनौट भएको बोलपत्र दाताको नाम | कबोल रकम |
|---|---|---|---|---|
| 1. | GCM/NCB/Works/05/2080-81 | Construction of Asphalt road from Sahani Chowk to Hemlal House, GCM-6 | Sweta Darshan Nirman Sewa Construction, GCM-8 | 28,61,671.38 (with Vat and PS) |

प्रमुख प्रशासकीय अधिकृत



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# पानीलाई प्राथमिकतामा राख

मधेश प्रदेश सरकार नीति तथा कार्यक्रम र बजेट बनाउन लागेको छ । राजनीतिक अस्थिरताको कारण प्रदेशमा बजेट कम खर्च भएको छ। बजेट सन्तुलित भए पनि पटक पटक गठबन्धन भत्किने र बन्ने कारणले मधेश प्रदेशमा अपेक्षाकृत काम हुन सकेको छैन् । प्रदेश सभासदहरुको विकास क्षेत्रका लागि विनियोजित बजेट खर्च नै हुन सकेन्। सभासदहरुको संसदीय क्षेत्र विकास कोषको रकम खर्च गर्न सर्वोच्च अदालतले रोक लगाएपछि त्यो रकम यथावत नै रहेको हो। अन्य मन्त्रालयहरुको रकम पनि खर्च हुन सकेको छैन्। त्यसको प्रमुख कारण नै सरकारमा मन्त्री हटने र थप्ने देखिएको छ। सरकारको नेतृत्व परिवर्तन नभए पनि मन्त्रीहरु फेरबदल हुने क्रम जारी नै रह्यो । त्यसको प्रभाव विकास निर्माणमा अत्यधिक परेको देखिएको छ। आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट बनाउँदा चालु आर्थिक वर्षमा आएको समस्यालाई समेत दृष्टिगत गरी बनाइनुपर्छ। चालु आर्थिक वर्षमा देखिएका समस्याहरु आगामी आर्थिक वर्षमा पनि आउन सक्ने पर्याप्त सम्भावना छ। त्यसलाई ध्यान दिनुपर्छ। सरकारको नीति तथा कार्यक्रममा मधेश प्रदेशमा बढ्दो जलसंकटलाई प्रमुख रुपमा राख्नुपर्छ। मधेशमा सबै भन्दा ठूलो चुनौती पिउने पानी र सिँचाई गर्ने पानीको देखिएको छ। चुरेको विनाससँगै जलसंकट उत्पन्न हुने भविष्यवाणी तीन दशक पूर्व नै गरिएको हो । तर त्यसबारे अहिले पनि तीनै तहका सरकार गम्भीर भएको छैन्। सबै तहका सरकार मिलेर मधेशलाई मरुभूमि हुनबाट जोगाउनुपर्छ । मधेशमा अहिले फाटफुट वर्षा भए पनि पानीको संकट हटेको छैन्। पानीको सतह निकै तल गएकाले चापाकलहरुबाट मोटरले समेत पानी तान्न सकिरहेको छैन्। सिंचाईको पनि विकराल समस्या छ। मधेश प्रदेश सरकारले नीति तथा कार्यक्रममा पानीलाई प्राथमिकता दिनुपर्छ। जनताको स्वच्छ पिउने पानी उपलब्ध गराउनु राज्यको प्रमुख दायित्व हो। देशमा बेरोजगारी बढनुको कारण खेतीप्रतिको आकर्षण कम हुनु हो। किसानले बाँझो जग्गा नै छोडन थाल्नुको प्रमुख कारण सिँचाई हो। सरकारले सिँचाई र पिउने पानीमा विशेष जोड दिनुपर्छ। राजनीतिक अस्थिरता भए पनि पिउने पानी र सिँचाईको काममा बाधा नपुग्ने गरी नीति तथा कार्यक्रम र बजेट ल्याउनु पर्छ। मधेश प्रदेश र संघीय संसदको संरचना नै स्थिर सरकार हुने किसिमको छैन्। स्थिर सरकारका लागि एउटै दलको बहुमत नरहेकाले आगामी दिनमा पनि राजनीतिक उथलपुथल भइरहनेछ। तर पनि विकास निर्माण लगायतका कामहरु प्रभावित नहुने गरी नीति तथा कार्यक्रममा व्यवस्था गरी बजेट ल्याउनुपर्छ।

# सरकार, सहकारी र सञ्चार



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

*न निर्मिता के न दृष्टपूर्वा न श्रूयते हेममयी कुरङ्गी।*
*तथापि तृष्णा रघुनन्दस्य विनासकाले विपरीत बुद्धि॥*

न बनाइएको, न कसैले सुनेको, नदेखेको सुनको हरिण। तर, रघुनन्दन(राम)को तृष्णा हेर्नुस, सो हरिणको शिकार गर्न कुद्यो । यस्तै अवस्थामा बुद्धि विवेक मर्छ । अर्थात, विपरीतकालमा बुद्धि विनास हुन्छ । राम सुनको हरिणको पछाडि न कुदेको भए, सीताको अपहरण हुने थिएन् । रामलाई सुनको हरिण हुँदैन् थाहा भएरपनि पत्नीको ईच्छाको पूर्ति गर्न हरिणको पछाडि कुदेको थियो । त्यस्तै, सहकारीमा कसले सर्वसाधारणको रकम ठगी गरेको भनेर सत्तापक्षलाई थाहा हुँदाहुँदै सत्यलाई नकार्दै, बचाउँमा उत्रेको छ । प्रतिशोध साध्न थाल्दा, परिस्थिति विपरीत हुँदै गएको देखिन्छ। तसर्थ, सत्ताको अपहरण हुने सम्भावनालाई नकार्न सकिँदैन् । अर्थतन्त्रको तीन स्तम्भमध्ये एक 'सहकारी' हो भन्ने मनमोहक नारा दिने बामपन्थी नेताहरु पटक पटक सरकारमा पुगेका छन्। अहिलेपनि सत्ताको बागडोरपनि उनीहरुकै हातमा छ। सहकारी नामक स्तम्भ लडखडाउन थालेको छ। आकर्षक नाराको रणभुल्लमा परेर लाखौं सर्वसाधारणको रकम डुब्ने खतरा छ। सो रकम कसरी फिर्ता गराउनेतर्फ सरकारलाई सत्ताको मोहबाट माथि उठेर पीडितको पक्षको माग पूर्तिका लागि ठोस कदम उठाउँछ कि उठाउँदैन भन्ने हेर्न बाँकी छ।

सङ्घीय गणतान्त्रिक मुलुक स्थापनापछि एउटा घटनाको चर्चाको पटाक्षेप हुन नपाउँदै अर्को चर्चित घटनाले ठाउँ ओगटने गरेको छ। त्यसले नयाँ तरङ्गको जन्म दिन्छ, हामी नेपाली नागरिकपनि यस्ता यस्ता घटना सुन्दा, पढ्दा पढ्दै 'टाइमपास' अर्थात, समय विताउने रुपमा उपयोग गर्न बाध्य भएका छौं। दलका शीर्ष नेताहरुको अर्जुन दृष्टि मात्र सत्तामा केन्द्रीत छ। जनताले एकलव्यजस्तै आफ्नो औंठाले मतको दान गरेको हो। द्रोणाचार्य रुपी नेताको चाहना त पुरा भयो। अव, पीडितको आवाज कसले सुनिदिने प्रश्न गम्भीर रुपमा उठेको छ। सर्वसाधारणले पेट काटेर सन्तानको भविष्यका लागि सहकारीमा रकम जम्मा गरेको हो। सोमध्ये केही सहकारीले अपचलन गरेको खवरले पीडित परिवारमा रुवावासी चलेको छ। उनीहरुलाई सहकारीमा जम्मा गरेका रकम कुनैपनि अवस्था डुब्न नदिने सम्बन्धमा सरकारले पीडितलाई विश्वस्त पार्न नसकेको देखिन्छ। सर्वहाराको नेतृत्व गरेको नारा दिने नेताहरु सरकारको नेतृत्व पक्तिमा छन् । सहकारीमा सर्वस्वहरण भएका परिवारको लागि सर्वहारा नेताहरुले कहिँले सत्तामोह त्यागेर ठोस कदम उठाउने हो ?

लामो समयदेखि संसद अवरुद्ध छ। बल्ल, काँग्रेसमा एमालेको सो गुन वा अवगुन पसेको देखिन्छ। हिन्दीमा एउटा लोकोक्ति छ-'मरता क्या न करता' अहिले सो अवस्था काँग्रेस पुगेको भन्नुपर्दा, अतिशयोक्ति नहोला। तर, जे भएपनि काँग्रेससँग सहकारी ठगी प्रकरणको महाअस्त्र फेलापरेको छ। सो महाअस्त्रलाई निरस्त्रगर्न प्रचण्ड नेतृत्वको सरकार जति ढिलो गर्छ, एमालेसहित यो सरकारको आयु छोटिने सम्भावना प्रवल हुन्छ। पोखरा, बुटवल र चितवन एमालेको प्रभावको क्षेत्र हो। त्यहाँका सर्वसाधारणको सहकारीमा रकम डुबेको छ। स्थानीय पालिकाहरुले पनि कारवाहीको माग गरेका छन् । सहकारीपीडितको पक्षमा सर्वसाधारण सडकमा उत्रेपछि एमालेलाई नराम्ररी धक्का लाग्ने खतरा छ। त्यो अवस्था उत्पन्न गराउनका लागि काँग्रेसले सडकमा पुग्ने घोषणासमेत गरिसकेका छन्। यो सर्वसाधारणसँग जोडिएको विषय भएकाले समयमैं समस्या समाधान भएन् भने सत्तापक्षलाई गम्भीर परिणाम चुकाउनु पर्छ। सहकारीबाट पीडित भएका व्यक्तिहरुले बचतको रकम फिर्ताको लागि काठमाडौंमा रिले अनशन शुरु गरेका छन्। यो क्रम बढ्दै गयो भने सत्तापक्षका लागि विकट परिस्थिति उत्पन्न हुन सक्छ।

दोहोरो नागरिकता लिएको भनेर कान्तिपुर मिडियाका अध्यक्ष कैलाश सिरोहियालाई पक्राउ गरिएपछि चौंतर्फी चर्चाको विषय बनेको छ । सहकारीको रकम अपचलनमा रवि लामिछानेको पनि संलग्नतारहेको भनेर कान्तिपुर पत्रिकामा निरन्तर समाचार प्रकासित भइरहेकाले प्रतिशोधस्वरुप धरपकडको घटना भएको कान्तिपुर पक्षको आरोप छ। सिरोहियाको पक्राउपछि राष्ट्रिय स्वतन्त्र पार्टीबाहेक प्रायः सवै दलका नेताहरुले गृहमन्त्रीले प्रतिशोध साधेको प्रतिक्रिया दिएका छन्।

यसैबीच, बुधवार ३१ सम्पादकीय टोलीले प्रधानमन्त्री प्रचण्डलाई बुझाएको संयुक्तपत्रमार्फत दुई देशको राहदानी र सहकारी ठगीको विषयमा अनुसन्धानको माग गरेको छ । नेपाल भ्रमणमा रहेकी एमनेष्टि इन्टरनेशनलकी महासचिव आग्रेस कालामारले नागरिकतासम्बन्धी कान्तिपुर मिडिया समूहका अध्यक्ष कैलाश सिरोहियालाई पक्राउ गर्नु आवश्यक नरहेको प्रतिक्रिया दिएकी छन्।

अर्कोतर्फ, अधिवक्ता अनुपम भट्टराईको उजुरीमा सर्वोच्च अदालतले गृहमन्त्री रवि लामिछाने र महान्यायधिवक्ता डा. दीनबन्धु पोखरेलविरुद्ध रिट दर्ता गर्न सर्वोच्च अदालतको प्रशासनलाई आदेश जारी गरेको छ । महान्यायधिवक्ताको कार्यालयले गृहमन्त्री लामिछानेविरुद्ध कुनैपनि सहकारीको रकम हिनामिनामा उजुरी/जाहेरी नपरेको भनेर पत्र दिएपछि अधिवक्ता भट्टराई अदालत पुगेको थियो । अव, गृहमन्त्री लामिछानेविरुद्ध सहकारी रकम अपचलनको मुद्धा दर्ता हुने सम्भावना बढेको छ । सर्वोच्च अदालतमा गण्डकी र कोशी प्रदेशको मुख्यमन्त्रीको नियुक्तिको विषय र जनता समाजवादी पार्टीको विभाजनको सन्दर्भमा सर्वोच्च अदालतमा मुद्धा दर्ता छ। यसअघिपनि पटक पटक राजनीतिक र सत्तासँग जोडिएको विषयमा सर्वोच्चमा मुद्धा दर्ता भएको हो। यसो हेर्दा, राजनीतिक दलको सत्तामोह र अदुरदर्शी सोचको कारण सर्वोच्च अदालतमा राजनीतिक मुद्धाको चाप बढेको देखिन्छ । मुलुकमा सङ्घीय गणतान्त्रिक व्यवस्था भएपछि गाउँ गाउँमा सिंहदरवार र मुलुकलाई स्वीटजरलेण्डजस्तै बनाउने सपना मुख्य दलहरुले बाँडेका थिए।

२०१४मा भारतमा लोकसभाको निर्वाचनमा नरेन्द्र मोदीले चुनावी सभामा भारतीय जनता पार्टीको सरकार बनेपछि मुलुकमा 'अच्छे दिन आयेगे' अर्थात, राम्रो दिन आउँछ, जनताको जीवन सुखमय हुन्छ भनेर चुनावीसभामा सम्बोधन गर्दथ्यो। जनताले पत्याए। भारतीय जनता पार्टी र सहयोगी दल मिलेर बहुमतको अङ्क पुऱ्याएपछि नरेन्द्र मोदी प्रधानमन्त्री बन्यो । उनले जनतासमक्ष गरेको प्रतिबद्धताअनुरुप राम्रो दिन आयो कि आएन, त्यो अनुसन्धानको विषय होला । तर, जनताले पुनः २०१९मा भाजपालाई एक्लै स्पष्ट बहुमतमा पुऱ्यायो। मोदी तेस्रोपटक पनि बन्ने सम्भावना छ। किनभने, अधिकांस जनताले मोदीमाथि विश्वास गरेको देखिन्छ। नेपालमा कुनैपनि नेताले अहिलेसम्म भाषणमा राष्ट्र र जनताको उज्ज्वल भविष्यका लागि गरेको प्रतिबद्धता पुरा गर्न सकेन्। त्यसकारण, नेताको बोलीमाथि विश्वास गर्न छोडेको छ । मुख्य दलका शीर्ष नेताहरुले पनि आफ्ना विश्वसनीयता गुमाउँदै गएको छ । यो सङ्घीय गणतान्त्रिक व्यवस्थाको लागि सुखद पक्ष होइन् । संविधान जारीपछि दुईपटक निर्वाचन भयो । प्रधानमन्त्री प्रचण्डलाई सत्ता समीकरण मिलाउन र विश्वासमत लिनमैं बढी समय खर्चिनुपरेको छ । प्रचण्डलाई गिनिजबुकमा नाम लेखाउनका लागि प्रयास गर्नुपर्ने हो। किनभने, सम्भवतः विश्वमैं १६ महिनाको अवधिमा चारपटक विश्वासमत लिने प्रधानमन्त्री पहिलो प्रधानमन्त्री प्रचण्डनै हुनुपर्ने हो।

मुलुकमा सुशासन स्थापनागर्नुपर्ने र राष्ट्रिय हित एवम् जनताको हितका लागि आफ्नो पदको लागि मोलमलाई नगरी दायित्व निर्वाह गर्नुपर्नेमा त्यसो हुन नसक्दा मुलुकको राजनीतिक अवस्था दुरावस्थामा पुग्न थालेको हो । राष्ट्रिय प्रजातन्त्र पार्टीले सङ्घीय गणतान्त्रिक व्यवस्थाको विरोधमा उत्रेका छन् । सर्वसाधारण जनतापनि प्रदेश सरकार बनाउने र हटाउने खेल हेर्दाहेर्दै आजित भइसकेका छन्। विश्वासमत दिने अनि फिर्ता लिने चलखेल हुँदा प्रदेशका सरकारहरु एक बर्षको कार्यकाल पुरागर्न नसक्ने अवस्था पटक पटक दोहरिँदै गएको छ । अहिलेपनि दलहरु सचेत भएन भने मुलुक गम्भीर दुष्परिणाम निम्त्ने सम्भावना छ।

कुनैपनि मुलुकको विकासमा सरकारको स्थायित्वले नै महत्वपूर्ण योगदान पुऱ्याउँछ । जुन परिवारमा आपसी कलह निरन्तर भइरहन्छ, त्यो परिवारको अधोगति निश्चित छ । त्यस्तै, देशका भविष्य निर्धारणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने दलहरुबीच आपसी कलह र सत्ताको खेलमा फस्दा विकास र रोजगारको क्षेत्रमा धैरै पछाडि पर्दै गएको छ। सरकार कमजोर हुँदा छाडापन बढ्छ, बेथितिले प्रश्रय पाउँछ । त्यो देखिन थालिएको छ । जुन मुलुकका प्रधानमन्त्रीलाई पटक पटक विश्वासमत र मन्त्रिमण्डल फेरबदल गरिरहनु पर्दा निश्चित रुपमा प्रधानमन्त्री कुर्सी जोगाउनका लागि निरीह बनेको भन्ने सन्देश प्रवाह भइरहेको छ।


राजनीतिको मुख्य उद्देश्य जनसेवा हो । शान्ति सुरक्षा, विकास, रोजगार, स्वास्थ्य, शिक्षाका साथै आधारभूत आवश्यकताको विषयमा सत्तापक्ष र विपक्ष उत्तरदायित्व भूमिका निर्वाह गरेमा मुलुकले विकासको गति लिन्छ र जनताको अभीष्ट फलिभूत हुन्छ। दूर्भाग्यवस ! नेताहरुमा सत्तालिप्साका लागि सिद्धान्तभन्दा पदलाई उच्चस्थान नै दिएको देखेर जनतामा नैराश्यता छाएको छ । जेजस्तो भएपनि, मुलुकमा सङ्घीय लोकतान्त्रिक व्यवस्थालाई बलियो बनाउनका लागि जनताले मुलुकमा राजनीतिक स्थायित्व खोजेका छन्।

प्रजातान्त्रिक मुलुकमा सत्ता परिवर्तनलाई सामान्य रुपमा लिनुपर्ने हो । राजनीतिमा सत्तामा बस्ने र हटने घटनालाई संवैधानिक व्यवस्थाअनुरुप नै भएकाले ह्रिदयङ्गम गरी अमर्यादित शब्दको प्रयोगबाट जोगिनुपर्छ। राजनीतिमा 'आजको विरोधी भोलि मित्र' बन्नमा बेर लाग्दैन् । तर, साथ छोड्नासाथ कटट्र दुश्मनको संज्ञा दिन्छन्।

२००७ सालमा राणाशासनको अन्त्यसँगै मुलुकमा प्रजातन्त्रको स्थापना भयो । २००७ सालदेखि ०१७ सालको दस बर्षको अवधिमा राजा र तत्कालीन राजनीतिक दलको नेतृत्वमा आठवटा मिलिजुली सरकार बनेको थियो । त्यो बेलामा पनि दलहरु सडकमा विभिन्न माग राखि उत्रने गर्दथे। त्यसकारण, संविधान निर्माणमा पनि ढिलाई भएको थियो । त्यो अवधिमा मात्र ८९ जना मन्त्री बनेका थिए। त्यस्तै, ०१७ सालमा पञ्चायती व्यवस्था आएपछि ०४७ सालको अवधिमा कीर्तिनिधि विष्ट, सूर्यबहादुर थापा, तुलसी गिरी, लोकेन्द्रबहादुर चन्द, नगेन्द्रप्रसाद रिजाल र मरिचमान सिंहमध्ये, थापा, विष्ट,चन्द र गिरी पटक पटक प्रधानमन्त्री बनेका थिए । त्यो तीस बर्षको अवधिमा ५१७ जना मन्त्री बनेका थिए । प्रजातन्त्रको पुनः बहालीपछि २०७९सम्म २९ जना प्रधानमन्त्री बन्यो। मन्त्रीको सङ्ख्याको बाढी नै आएको थियो । त्यो अवधिमा सवैभन्दा लामो समयसम्म २०४८देखि २०५१ सम्म तीन बर्ष चार महिना, २०६३देखि २०६५सम्म दुई बर्ष एक महिना गिरिजाप्रसाद कोइरालाले सरकार चलाएको देखिन्छ। त्यसपछि, कुनैपनि प्रधानमन्त्रीले दुई बर्षको कार्यकाल पुरा गरेन् । मुलुकमा सङ्घीय गणतान्त्रिक व्यवस्था आएपछि केपि ओली प्रधानमन्त्री हुँदा उनले तीन बर्ष तीन महिनाको कार्यकाल पुरा गऱ्यो । अहिलेसम्म, कुनैपनि प्रधानमन्त्रीले एक कार्यकाल पूर्णरुपमा पुरा गरेको देखिएन् । यस्तै, अवस्था पाकिस्तानको पनि छ। पाकिस्तान स्थापना भएको ७५ बर्षको अवधिमा कुनैपनि निर्वाचित सरकारले पाँच बर्षको अवधि पुरा गरेन् । सरकारले स्थायित्व नलिँदा पाकिस्तानको आर्थिक अवस्था खस्किँदै गएको छ । नेपालको पनि पाकिस्तानजस्तै हविगत हुने खतरा देखिन्छ । नेपालमा प्रजातन्त्रको पुनःस्थापनाकालदेखि सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अहिलेसम्मको अवधिमा थुप्रै नेतालाई मन्त्री बन्ने अवसर प्राप्त भएका छन् । अधिकांस युवावर्गलाई मुलुकमा रोजगार नपाएर रोजगारका लागि खाँडी मुलुक पुग्नुपरेको छ। मैथिलीमा एउटा लोकोक्ति यस्तो छ, 'एहि नदीके इ व्यवहार खोलु धरिया उतरु पार' अर्थात, यो नदीमा तर्नु पर्दैन, पहिरिएको लुगा फुकाएर नदीमा पस्नु पर्छ। यस्तै हो, नेपालको नेताको नदीजस्तै व्यवहार छ, जे गर्दापनि हुन्छ। यसैलाई महान उपलब्धि सम्झेर सन्तुष्ट हुनुपर्छ।'इतिश्री'

> अधिकांस युवावर्गलाई मुलुकमा रोजगार नपाएर रोजगारका लागि खाँडी मुलुक पुग्नुपरेको छ । मैथिलीमा एउटा लोकोक्ति यस्तो छ, "एहि नदीके इ व्यवहार खोलु धरिया उतरु पार" अर्थात, यो नदीमा तर्नु पर्दैन, पहिरिएको लुगा फुकाएर नदीमा पस्नु पर्छ । यस्तै हो, नेपालको नेताको नदीजस्तै व्यवहार छ, जे गर्दापनि हुन्छ । यसैलाई महान उपलब्धि सम्झेर सन्तुष्ट हुनुपर्छ ।

# भेटिभर खेतीको प्रवर्द्धन : दिगो विकासको संवर्द्धन



श्याम गोयन्का

नेपाल आर्थिक समृद्धिका मार्गमा अघि बढिरहँदा विकास निर्माणमा सधैँ आर्थिक तथा पर्यावरणीय समस्या झेल्दै आएको छ। बाढी, पहिरो, डढेलो, भूक्षयलगायत प्राकृतिक प्रकोप र त्यसबाट हुने मानवीय तथा प्राकृतिक क्षति प्रत्येक वर्ष नेपाल तथा नेपालीले झेल्दै र भोग्दै आएका समस्या हुन्।

देशमा उपलब्ध स्रोतसाधनको उपयोगको अभाव तथा अत्यधिक आयात तथा निर्वाहमुखी अर्थतन्त्रले गर्दा नेपालमा समुचित विकास हुन सकेको छैन । साथै, आधुनिक ज्ञान र प्रविधिका अभावमा सामान्य विकास निर्माणका लागि पनि ठूलो खर्च र समस्या झेल्दै आउनुपरेको छ। आधुनिक प्रविधि मात्र होइन, सामान्य पर्यावरणीय ज्ञानका अभावमा पनि राष्ट्रले ठूलो क्षति बेहोर्नु परेको छ। छिमेकी राष्ट्र भारत तथा चीनले अग्रगामी विकासमा छलाङ मार्दै गर्दा नेपालले भने भएका स्रोतसाधनको पनि उपयोग गर्न सकेको छैन। यस्ता समस्याको जैविक समाधानतर्फको पहिलो तथा प्रभावकारी कदमका रूपमा भेटिभर परियोजना विश्वमा परीक्षण भई बहुपयोगी साबित भएको जैविक प्रविधि हो।

### के हो त भेटिभर?

भेटिभर क्रिसोपोगान प्रजातिको एक बहुपयोगी वनस्पति हो, जसलाई नेपाली भाषामा खसखसे भनिन्छ । वैज्ञानिक नाम क्रिसोपोगन जिजानियोइड्स रहेको यसले किसानको साथीका रूपमा नाम कमाएको छ र विश्वका धैरै देशमा कृषि सबलीकरण तथा गरिबी निवारणका क्षेत्रमा वरदान साबित भएको छ। समुद्री सतहदेखि एक हजार आठ सय मिटरका उचाइसम्म खेती गर्न सकिने यस वनस्पतिको मुख्य विशेषता जरामा छ जुन निकै बाक्लो गाँज भई जमिनमा तीन मिटरभन्दा बढी गहिरोसम्म जान्छ। यो विषम किसिमका माटामा हुर्कने तथा सप्रने घेरै कम बिरुवामध्येको एक हो।

पिएच भ्यालु अर्थात् अम्लीय तत्त्व तीनदेखि ११ रहेको माटामा पनि यस बिरुवाले सजिलैसँग हुर्केर अम्लीय तत्वलाई सन्तुलित पार्ने काम गर्छ। अति नै बहुउपयोगी बालीका रूपमा विश्वमा परीक्षणबाट प्रमाणित यसको खेतीबाट छदेखि आठ महिनाभित्रै धैरै आर्थिक लाभ लिन सकिन्छ। यसको जराबाट उत्पादन हुने तेलको दुई सय ७५ डलर प्रतिलिटरको मूल्यमा अन्तर्राष्ट्रिय बजारमा कारोबार हुने गरेको छ। यस्तो उच्च मूल्य हुँदासमेत अन्तर्राष्ट्रिय बजारमा यस तेलको धैरै माग छ। देशभर नदी तथा बाढीपहिराबाट क्षतिग्रस्त करिब १० लाख हेक्टर बगर जमिनलाई भेटिभरखेतीको विस्तारमार्फत हामी पूर्णरूपमा उपयोगमा ल्याउन सक्छौं। उक्त जमिनका उपयोगले हाम्रो खाद्य व्यापार घाटा निर्मूल पार्न सक्ने तथ्यमा कुनै विवाद छैन।

भेटिभरको विशिष्ट गुण उपयोगिता तथा क्षमतालाई मध्यनजर गर्दै विश्व बैंकका पहलमा अमेरिकाको भर्जिनिया राज्यमा सन् १९८९ मा द भेटिभरनेटवर्क नामक गैरनाफामूलक संस्था स्थापना भएको छ । यस संस्थाले पछिल्लो समय भूमि स्थिरीकरण, प्रदूषित स्रोतहरूको फाइटा-उपचार, बायो-इन्जिनियरिङ, पूर्वाधार संरक्षण र स्थिरीकरण तथा प्रकोपको जोखिम न्यूनीकरणका क्षेत्रमा काम गर्दैआएको छ।

यस वनस्पतिमा बन्जर, सुख्खा तथा रासायनिक रूपमा क्षतिग्रस्त भूमि पुनःस्थापना गर्ने क्षमता छ। नेपालका सन्दर्भमा चुरे संरक्षण, नदी कटान तथा तटको संरक्षण, पहिरो र भूक्षय रोकथामलगायत कार्यमा यसको प्रभावकारी उपयोग गर्न सकिन्छ। हाइटीको अर्थतन्त्रको करिब ७४ प्रतिशत हिस्सा यसको खेतीमार्फत उत्पादन हुने भेटिभर तेलले ओगटेको छ। यसलाई औषधि तथा सुगन्धित तेलका रूपमा पनि प्रयोग गर्न सकिन्छ। यस वनस्पतिले कार्बन सङ्कलन गरी वातावरण प्रदूषित हुनबाट पनि रोक्छ एवं दिगो कृषि तथा बायो-इन्जिनियरिङको साधनका रूपमा पनि प्रयोग गर्न सकिन्छ।

विप्रेषणमा आधारित अर्थतन्त्रलाई कृषितर्फ ल्याउन तथा देशमै रोजगारी सिर्जना गर्ने सन्दर्भमा भेटिभरउपयोगी र प्रभावकारी मार्ग हो । सधैँ परिवर्तन र क्रान्तिको कुरा हुने देश नेपालमा कृषि क्रान्तिको आधार भेटिभरहुन सक्छ। न त बाँदरले दुःख दिने, न रोग प्रकोप-किरा लाग्ने, न नदीले बगाउने, न डढेलाले मास्ने, न त मलखाद र सिंचाइको आवश्यता पर्ने । रोपेपछि एकै पटक प्रयोग तथा बिक्रीका लागि तयार हुने, नेपालको भूगोल, अवस्था र व्यवस्थानुकूलको उपयुक्त खेती भेटिभर हो।

### भेटिभरका फाइदा

**गरिबी उन्मूलनः** गरिबी निवारणको प्रभावकारी समाधान भनेको रोजगारीको अवसरको सिर्जना हो । भेटिभरमार्फत प्रशस्त रोजगारीको सिर्जना गर्दै किसानका आयआर्जनमा वृद्धि गरी नेपालको सबैभन्दा ठूलो समस्याका रूपमा रहेको गरिबी उन्मूलनका मार्गमा अगाडि बढ्न सकिन्छ। यसका जराबाट २७५ अमेरिकी डलर प्रतिलिटर अर्थात लगभग रु ३६ हजारमा बिक्री हुने बहुमूल्य भेटिभर तेल उत्पादन हुन्छ। यसको १० टन तेलको एक ट्रक वा कन्टेनर तेल निर्यातमा २७.५ लाख अमेरिकी डलर नेपाल सरकारलाई राजश्व प्राप्त हुन्छ। हालको बजार मूल्यसँग तुलना गर्दा नौ महिनामा किसानले अन्य कृषि कार्यभन्दा भेटिभरबाट बढी आम्दानी गर्न सक्छन्।

गरिबी उन्मूलनको मुख्य पाटो खाद्य सुरक्षा हो। नेपालमा विभिन्न कारणले १० लाख हेक्टर जग्गा बगर तथा बाँझो रूपमा छ। ती जमिनमा भेटिभर खेती मात्र गर्न सकिएमा उक्त जमिन पुनः अन्य बालीका लागि उपयोग गर्न योग्य बनाउन सकिन्छ। साथै भेटिभरसँगै दलहनलगायत अन्य बाली पनि साथसाथै लगाउन सकिन्छ जसबाट नेपालको उत्पादनबाट नपुगेर आयात गरिँदै आएको लगभग ४० लाख टन खाद्य अभावका अवस्थाबाट बाहिर निक्लँदै निर्यात गर्न नेपाल सक्षम हुन सक्छ।

भेटिभरले कार्बन उत्सर्जनमा विभिन्न किसिमले कमी ल्याउने हुँदा कार्बन नेगेटिभ भई दक्षिण एसियामा भुटानपछिको दोस्रो कार्बन नेगेटिभ मुलुक हुन सक्ने मार्ग प्रस्तुत हुनेमा कुनै समस्या देखिँदैन । खेर गइरहेको १० लाख हेक्टर जग्गामा भेटिभर रोप्दा खाद्य सुरक्षा, रोजगारीको सिर्जना, ऊर्जाको उत्पादन, वातावरणको सुरक्षा र जैविक सुरक्षालगायत समग्र सामाजिक स्थिरताका पाँच वटै अवयव पूरा हुनु आफैँमा भेटिभर बिरुवाको विशेषताको सूचक हो जसको उत्पादन लागत एकदमै न्यून छ।

**कृषिमा फाइदाः** भेटिभरले नदी तथा कुलाबाट खेतबारीमा हुने कटान जोगाउँछ। यो एक यस्तो प्रकारको सहयोगी झार हो, जसका सहयोगमा बाढीको बालुवा र ढुङ्गाले पुरेर बगर बनेका खेतीयोग्य जग्गालाई पुनः पोषणयुक्त र उर्वर भूमिमा परिणत गर्न सकिन्छ। भेटिभर खेतीबाट खेतीबालीमा किरा नियन्त्रण र माटाको उर्वरतामा वृद्धि गर्न सकिन्छ। नेपालमा प्रतिव्यक्ति सिञ्चित जग्गाको स्वामित्व ०.०७ हेक्टर मात्रै छ अर्थात् ७० देखि ८० प्रतिशत साना किसानका स्वामित्वमा प्रतिपरिवार करिब १० कठ्ठाभन्दा कम जमिन मात्र छ। यो सानो क्षेत्रफलले व्यावसायिक र आधुनिक प्रणालीबाट कृषि कर्म गर्न सम्भव छैन, जसको कारण नेपालको कृषि निर्वाहमुखीतर्फ मात्रै सीमित छ।

**जैविक भूसंरक्षणः** नेपालको भौगोलिक बनावटका कारण मनसुनसँगै पहिरो जाने र पहिरोसँगै कृषि अनुकूल मलिलो माटो बगेर जाँदा अत्यधिक भूक्षयको अवस्था छ। यसलाई नियन्त्रण गर्ने एक मात्र जैविक विकल्प भेटिभर हो । यस वनस्पतिको जरा तीनदेखि पाँच मिटरसम्म जमिनमुनि बढ्ने हुँदा माटालाई बाँधेर राखी भूक्षय हुन दिँदैन। बाँझो, बन्जर, विभिन्न औद्योगिक तथा रासायनिक फोहोर व्यवस्थापनका कारणले प्रदूषित भूमि पुनःस्थापनाको प्रभावकारी जैविक विकल्प भेटिभर हो।

**जैविक तटबन्धः** भेटिभरले जैविक तटबन्धका रूपमा प्रभावकारी कार्य गर्छ। छिटो बढ्ने र लामो जरा सञ्जाल हुने हुँदा यसले बिरुवा रोपेको छोटो समयमा नै प्रभावकारी काम गर्छ। विश्वमा समेत यसको खेतीले पानीको स्रोत बढ्ने एवं हरियाली व्यवस्थापन तथा कम लागतमा मजबुत तटबन्धको कार्य गरेको छ। भेटिभरको तटबन्धले बाढीपहिराका कारण बगरमा परिणत हुँदै गएका खेतीयोग्य जमिनलाई संरक्षण गरी पुनः कृषि भूमिका रूपमा पुनःस्थापना गर्छ।

भिरालोपनको स्थिरीकरणः भेटिभर रोपेर कुनै पनि भिरालो जमिनलाई बाढीपहिरो तथा भूक्षयबाट जोगाइराख्न सकिन्छ। यसबाट ग्रामीण तथा कृषि सडकमा हुने पहिरो न्यूनीकरण गर्न सकिन्छ। राजमार्ग, रेलमार्ग, पुल, बाँध तथा पोखरी, विभिन्न निर्माणस्थल, नहर, नाली आदिलाई भेटिभरको प्रयोगमार्फत भूक्षयबाट बचाइराख्न सकिन्छ। हाल विकास निर्माणमा प्रयोग हुने टेवा पर्खाल बनाउन प्रतिघनमिटर रु १०-१२ हजारको लागत लाग्छ । यसका विकल्पमा भेटिभर प्रयोग गर्ने हो भने रु पाँच सय वा एक हजार प्रतिघमिका लागतमा टेवा पर्खालभन्दा बलियो र टिकाउ कार्य गर्न सकिन्छ।

**फाइटोरिमेडियसनः** खेर गएको तथा क्षतिग्रस्त जमिनमा भेटिभर रोपेर फाइटोरिमेडिएसन प्रक्रियाबाट प्रदूषित जमिन तथा पानीको उपचार गरी शुद्धीकरण गर्न सकिन्छ। यसबाट औद्योगिक फोहोर, घरेलु फोहोर, ल्यान्डफिल साइटको शुद्धीकरणका साथै पानीको स्थिरीकरण पनि गर्न सकिन्छ। काठमाडौँमा फोहर व्यवस्थापन सधैँ एक समस्याका रूपमा रहेको छ । ल्यान्डफिल साइटमा हुने प्रदूषण, त्यहाँबाट उत्पन्न हुने लिचडले स्थानीय जलस्रोतमा निकै असर गरेको छ। लिचडको जैविक उपचार भेटिभरबाटै सम्भव छ। यस वनस्पतिले हाम्रा वरपर विभिन्न औद्योगिक, रासायनिक, मानवीय क्रियाकलापका कारणले उत्पन्न हुने प्रकोपको न्यूनीकरणका क्षेत्रमा विशेष कार्य गर्छ।

**बाढीपहिरो रोकथामः** हुर्किएको छ महिनामा नै यसको जरा फैलिएर पानीको बहावसँगै बग्न लागेको माटो निकै कडाइका साथ एकापसमा जोडेर र समातेर राख्ने गर्छ । नेपालमा बाढीपहिराको जोखिम उच्च भएकाले यस घाँसको प्रयोगको ठूलो आवश्यकता छ। बाटामा पहिरो गएर हुने भूक्षय रोक्न यसले जैविक पर्खालको काम गर्छ, जुन हामीले प्रयोग गर्ने कंक्रिट पर्खालभन्दा निकै किफायती, बलियो र सस्तो छ।

**नदी किनार संरक्षणः** नदी तटीय क्षेत्रमा हुने बाढीको बहाव, कटान र ज्वारभाटाबाट पनि भेटिभरको बिरुवाले जोगाउनका साथै पानीको उच्च बहावलाई पूर्णरूपमा सुस्त बनाइदिन्छ। अफ्रिका, अमेरिका, एसिया महादेश, क्यारेबियन, प्रशान्त तटका विभिन्न मुलुकमा पछिल्लो १० वर्षमा गरिएको अनुसन्धानले बाढीको गति घटाउन र भूक्षय रोक्न भेटिभरको प्रयोग निकै प्रभावकारी भएको देखाएको छ। मनसुनका समयमा अत्यधिक हुने नदी कटान नियन्त्रणको यो एक प्रभावकारी साधन बन्न सक्छ। यसबाहेक नदीको धार परिवर्तनले रोकथाममा पनि यसले जैविक इन्जिनियरिङको काम गर्छ।

**बन्जर भूमि पुनःस्थापनाः** खोला बगर, नदी उकास, फोहोर व्यवस्थापन क्षेत्रलगायत प्रयोगविहीन जग्गामा भेटिभरको रोपण अपरिहार्य छ। यसको खेती गरेपछि उक्त जग्गा पुनः अन्य खेतीका लागि उर्वर भूमिमा परिणत हुन्छ। नेपालमा खेतीयोग्य ठूलो जग्गा बर्सेनि बाढीका कारणले हुने नदी कटान, पहिरो, भूस्खलन र बगरमा परिणत भएका छन्। यस्ता जग्गालाई भेटिभरका सहयोगमा पुनः कृषि भूमिमा रूपान्तरण गर्न सकिन्छ। प्रयोगविहीन बाँझो, पर्ती, दर्ता छुट, ऐलानी, खोला उकास तथा बाढीपहिराका कारण बगरमा परिणत भएका जग्गालाई वैज्ञानिक कृषि प्रणालीका सहयोगमा पुनः उर्वर कृषियोग्य भूमिमा परिणत गर्न सकिन्छ।

**जलाधार संरक्षणः** यसको जराले जमिनमुनिको पानीलाई सतहतर्फ ल्याएर ओसिलो बनाउने हुँदा मुहान सुक्न दिँदैन। जमिनमा रहेका दूषित तत्त्व सोस्ने हुँदा पानी शुद्धीकरण गरी मुहान संरक्षण गर्न पनि मद्दत गर्छ। वाग्मती, विष्णुमतीजस्ता नदी शुद्धीकरणका सन्दर्भमा भेटिभर प्रभावकारी जैविक अस्त्रका रूपमा अग्रणी रहन सक्छ।

हरित इन्धनको स्रोतः भेटिभर हरित इन्धनको एक महत्त्वपूर्ण स्रोत हो। हाल नेपालले वार्षिक झन्डै रु तीन खर्बको जीवाश्म इन्धन आयात गरिरहेको छ। (लेखक सञ्चारकर्मी तथा भेटिभर नेपालका अध्यक्ष हुनुहुन्छ)

# प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्थामा जाऔँ: अध्यक्ष डा राउत




लेखनाथ । जनमत पार्टीका अध्यक्ष एवम् प्रतिनिधिसभा सांसद डा सिके राउतले राजनीतिक स्थायित्वका लागि प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था गरिनुपर्ने बताउनुभएको छ ।

मधेस-कास्की सम्पर्क समाज पोखराको प्रथम अधिवेशनको शनिबार उद्घाटन गर्दै उहाँले समाजवाद उन्मुख भनेर संविधानमा व्यवस्था गरिए पनि राजनीतिक प्रणालीका कारण स्थायित्व कायम हुन नसकेको बताउनुभयो । 'वर्तमान संवैधानिक व्यवस्थाबाट मुलुकले राजनीतिक स्थिरता पाउने देखिदैन ।

स्थायी सरकारका लागि प्रधानमन्त्री, सातै प्रदेशका मुख्यमन्त्री र न्यायालयसम्म प्रत्यक्ष निर्वाचित नेतृत्वको व्यवस्था हुनुपर्छ, तब स्थायित्व र परिवर्तनको अनुभूति गराउने गरी विकास गर्न सकिएला", उहाँले भन्नुभयो । अध्यक्ष डा राउतले राजनीतिक अस्थिरताकै कारण नेपालमा विदेशी लगानीभित्रिन नसकेको र वैदेशिक लगानीबिना ठूला आयोजना विकास गर्न नेपालको स्रोतले ध्याउने अवस्था छैन भन्नुभयो ।

उहाँले समाजवादी प्रणालीबाट मात्र देशलाई निकास दिन नसकिने निष्कर्षसहित आफ्नो पार्टीले नौलो गणतन्त्रको रुपमा सामाजिक लोकतन्त्रको कुरा गरेको धारणा राख्नुभयो ।

कार्यक्रममा नेपाल कम्युनिष्टपार्टी (माओवादी केन्द्र) का केन्द्रीय सदस्य तेजकुमारी पौडेलले माओवादीआन्दोलनबाट स्थापित व्यवस्थाले जातीय तथा लैङ्गिक विभेद न्यूनीकरण भएको दाबी गर्दै अब हरेक नेपालीलाई समान अधिकार दिने गरी पार्टी अगाडि बढेको बताउनुभयो । नेपाली कांग्रेस कास्कीका नेता बाबुराम गिरीले देशमा देखिएको आर्थिक सङ्कटलाई समाधान र नेपालको युवा जनशक्तिलाई नेपालमा नै परिचालन गर्नेतर्फ सरकारको ध्यान जानुपर्नेमा जोड दिनुभयो । रासस

# कर्णाली प्रदेश सरकारको विनियोजन विधेयक २०८१ का सिद्धान्त, उद्देश्य र प्राथमिकता पेस

सुर्खेत । कर्णाली प्रदेश सरकारको विनियोजन विधेयक २०८१ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु सभामा प्रस्तुत गरिएको छ । आर्थिक मामिला तथा योजनामन्त्री महेन्द्र केसीले आजको प्रदेशसभा बैठकमा सोसम्बन्धी प्रस्ताव पेस गर्दै सडक यातायातलाई सुरक्षित र भरपर्दो एवम् सहज बनाउन रणनीतिक महत्वका सडक तथा पुल निर्माणमा प्राथमिकता दिने उल्लेख गरिएको बताउनुभयो ।

प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम, 'समृद्ध नेपालः सुखी नेपाली'को दीर्घकालीन राष्ट्रिय आकाङ्क्षामा आधारित 'समृद्ध कर्णाली, सुखारी कर्णाली'को दीर्घकालीन सोचलाई मुख्य आधार बनाई वार्षिक बजेट तथा कार्यक्रम ल्याइने उहाँले जानकारी दिनुभयो । हवाई सेवालाई सर्बसुलभ र भरपर्दो बनाउन आवश्यक नीति लिइने मन्त्री केसीले बताउनुभयो ।




विगतका बजेट तथा कार्यक्रमको उपलब्धिलाई मध्यनजर गर्दै दिगो प्रतिफलयुक्त कार्यक्रम एवम् आयोजनाहरूमा बजेट विनियोजन हुनेलगायतका सिद्धान्त र रोजगारीका अवसर सिर्जना गरी उत्पादनमा वृद्धि गर्दै प्रदेश अर्थतन्त्रको विकास गर्ने, त्यसका लागि कृषि, उद्योग, खनिज, वन तथा पर्यटनलगायतका तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी सहभागितामा वृद्धि गर्दै उत्पादन र उत्पाकत्वमार्फत रोजगारी सिर्जना गर्ने उद्देश्य रहेको उल्लेख गर्नुभयो । 'यसका अतिरिक्त भूकम्पबाट प्रभावित क्षेत्रलाई प्राथमिकता दिई योजना कार्यक्रम तर्जुमा, स्वास्थ्यमा सहज पहुँच अभिवृद्धि, गुणस्तरीय र वातावरण अनुकूलित पूर्वाधारको विकास गरी रोजगारी सिर्जना, वित्तीय अनुशासनसहित समग्र क्षेत्रमा सुशासन कायम गर्ने उद्देश्य रहेका छन्", मन्त्री केसीले सभामा भन्नुभयो ।

यस्तै, प्रदेश गौरवका आयोजना, बहुवर्षीय, अधुरा तथा क्रमागत आयोजना पूरा गर्ने र नयाँ आयोजना छनोट प्रक्रियालाई नतिजामुखी हुनेगरी कार्यान्वयनमा लैजाने नीति रहेको छ भने सडक पूर्वाधारलाई सुरक्षित, भरपर्दो र सहज बनाउन सडक पुल निर्माणलाई प्राथमिकता दिइने बताइएको छ । प्रदेशभित्रका सहरलाई सुविधासम्पन्न, सफा, सुन्दर, सुरक्षित र आकर्षक बनाउने नीतिसहित विभेद् तथा उत्पीडनको अन्त्य गरी समतामूलक समाज निर्माणका लागि स्रोत साधनको न्यायोचित वितरण गर्ने पनि नीति रहेको सभालाई जानकारी दिइयो ।

प्रस्तुत विवरणमा प्रदेशको आन्तरिक राजस्वको दायरा विस्तार गर्ने लक्ष्य राखिएको छ । नवप्रवर्तनलाई प्रोत्साहन, भौतिक पूर्वाधार निर्माणलाई विकासात्मक गतिमा लिनेलगायतका नीति लिइएको छ । सार्वजानिक निजी र सहकारी क्षेत्रको लगानीमा औद्योगिकीकरण, उत्पादन र आर्थिक सशक्तीकरणमार्फत रोजगारी सिर्जनासहितको आर्थिक विकास र समृद्धिलाई आगामी वर्षको बजेटमा समेटिने उल्लेख छ ।

कर्णालीमा उत्पादित मार्सीधान, चिनो काकुनो, सिमी, कोदो, आलु, फापर, ओखर र स्याउलाई परम्परागत र अर्ग्यानिक उत्पादनलाई ब्राण्डिङ गरी बजारीकरण गर्ने व्यवस्था मिलाउनेसमेत उल्लेख छ । मुख्यमन्त्री रोजगार कार्यक्रमलाई रोजगारी सिर्जना, पूर्वाधार विकासका साथै उद्यमशीलता विकास, लक्षित वर्गको जीविकोपार्जनमा सुधार ल्याउने हेतुले कृषि लघुउद्यम, आयआर्जन, सीप विकास, उपकरण सहयोग कार्यक्रममा विकास गरिनेसमेत सरकारले प्राथमिकता दिने भनिएको छ ।

मन्त्री केसीले भौगर्भिक संरचना जोखिमको प्रकृतिअनुसार सुरक्षित र व्यवस्थित आवास बनाउने र बस्ती विकास नीति अवलम्बन गर्ने गरी सरकारले नीति, कार्यक्रम र बजेट ल्याउने पनिबताउनुभयो । "जगदुल्ला, नलगाड र ताक्सुगाड जलविद्युत् आयोजनामा प्रदेश सरकारले शेयर लगानी गर्ने छ । विगतमा प्रदेश सरकारले सञ्चालन गरेका कार्यक्रमको मूल्याङ्कन गरेर कार्यक्रम थप तथा विस्तार गरिने छ । कर्णाली समृद्धि परियोजनामार्फत थप रोजगारीको सिर्जना गरी बेरोजगार युवाहरूलाई रोजगारी दिइने लक्ष्य लिइएको छ", मन्त्री केसीले भन्नुभयो ।

त्यसैगरी भूकम्प प्रभावित क्षेत्र जाजरकोट, रुकुमपश्चिमलगायतका क्षेत्रलाई लक्षित गरी योजना तथा कार्यक्रम ल्याउने जानकारी गराइएको छ । क्षतिग्रस्त संरचना निर्माण गर्न सङ्घ सरकार र विकास साझेदारसँग, सहकार्य गरिने प्रदेशभित्रका भूगोलका आधारमा दिगो, भरपर्दो, सर्वसुलभ, जनमैत्री र गुणस्तीय र वातावरण अनुकूलित पूर्वाधारको विकास गरी रोजगारी सिर्जना गर्ने लक्ष्य लिइएको पनि प्रस्तुत विनियोजन विधेयक २०८१ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरुमा भनिएको छ ।रासस

# प्राविधिक शिक्षा अध्यापनमा मुख्यमन्त्री जम्कट्टेलको जोड

मनहरी।वाग्मतीप्रदेशकामुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्राविधिक शिक्षा अहिलेको आवश्यकता भएको बताउनुभएको छ । सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घले शनिबार आयोजना गरेको कार्यक्रममा उहाँले उक्त कुरा बताउनुभएको हो ।

मुख्यमन्त्रीले अब पाठ्यक्रम सुधार गरेर सैद्धान्तिक ज्ञान हासिल गरी विद्यार्थीहरुलाई व्यवहारमा लागू गर्न उत्प्रेरणा जगाउनुपर्नेमा जोड दिनुभयो । अहिले शिक्षाक्षेत्रमा वितृष्णा फैलिएको औंलाउँदै उहाँले नेपालमा अध्ययन गरेपछि विदेश जाने परिपाटी बन्द गराउन व्यावहारिक शिक्षा आवश्यक भएको बताउनुभयो । प्राविधिक विषय अध्ययनमा कोटा प्रणालीको अन्त्य गर्न सरकार लागिरहेको भन्दै उहाँले स्वास्थ्य र शिक्षाको लगानी अब प्रतिफल दिने गरी काम गर्न विद्यालय व्यवस्थापन समितिका अध्यक्ष,



प्रधानाध्यापकहरूलाई आग्रह गर्नुभयो ।

सामाजिक विकासमन्त्री कुमारी मोक्तान, सिँचाइ, खानेपानी तथा ऊर्जामन्त्री एकलाल श्रेष्ठ, जिल्ला समन्वय समितिका प्रमुख ललितबहादुर घलान, हेटौँडा-४ का वडा अध्यक्ष नवीन सिग्देल, प्राध्यापक डा विद्यानाथ कोइराला, प्राडा पेशल खनाल, शिक्षा विकास समन्वय एकाइका प्रमुख दीनानाथ गौतमले व्यावहारिक शिक्षा अहिलेको आवश्यकता हो भन्नुभयो ।

'कर्णालीको शिक्षा सुधार गर्न शिक्षक दरबन्दी थप गर्नुपर्छ'

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले सामुदायिक विद्यालयको शिक्षा सुधार गर्न शिक्षकको दरबन्दी थप गर्नुपर्ने बताउनुभएको छ । उहाँले पुरानो दरबन्दीका शिक्षकले मात्र सामुदायिक विद्यालयको शैक्षिक सुधार गर्न नसकिने बताउनुभयो ।

'प्रिन्सिपल एसोसिएसन अफ नेपाल' सुर्खेतको कार्यक्रमलाई आज सम्बोधन गर्नुहुँदै उहाँले सामुदायिक विद्यालयमा भएका शिक्षकको पुरानै दरबन्दीअनुसार अघि बढ्न नसकिने जिकिर गर्नुभयो । "२०५१ सालको भन्दा अहिले अवस्था फरक छ, जनसंख्या र विद्यालयको संख्या दुवै बढेका छन्", उहाँले भन्नुभयो, "आवश्यक दरबन्दी कायम गरेर सामुदायिक शिक्षालाई सुधार गर्दै लैजान आवश्यक छ। त्यसका लागि केन्द्रमै शिक्षा सुधार गर्न जरुरी छ।"

तीन तहको सरकार भए पनि सामुदायिक विद्यालयको शिक्षा गुणस्तरीय हुन नसक्केको मुख्यमन्त्री कँडेलको भनाइ छ । सीमित स्रोत साधनकै बीच कर्णालीको शिक्षालाई सुधार गर्नुपर्नेमा उहाँको जोड छ। उहाँले क्षमताअनुसार शासन चलाउन सङ्घीयता ल्याइएको तर अपेक्षाअनुसार काम गर्न नसक्दा जन आक्रोश बढिरहेको बताउनुभयो । विगतमा दामासाहीले बजेट विनियोजन गर्ने प्रचलन भएको उहाँको धारणा थियो।

"प्रदेशभरिकै विद्यार्थी वीरेन्द्रनगर केन्द्रित हुने, भौतिक संरचनादेखि सबै कुराको अभाव हुने अवस्था अब सुधार गर्ने प्रयास गर्छु", उहाँले भन्नुभयो। कार्यक्रममा जन नमूना माध्यमिक विद्यालयका प्रधानाध्यापक एवम एशोसिएसनका केन्द्रीय सदस्य यामबहादुर श्रेष्ठले कार्यपत्र पेस गर्नुभएको थियो ।रासस

# सहकारी छानबिनसम्बन्धी संसदीय समितिको कार्यादेशमा सहमति हुन्छः मन्त्री गिरी



पर्वत । कानुन न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले सहकारीको रकम हिनामिनासम्बन्धी छानबिन गर्ने संसदीय समितिको कार्यादेश र क्षेत्राधिकारमा आइतबारसम्ममा सहमति जुट्ने बताउनुभएको छ ।

गृहजिल्ला पर्वत आउनुभएका मन्त्री गिरीले नेपाल पत्रकार महासङ्घले आयोजना गरेको पत्रकार सम्मेलनमा कार्यादेशसहित समिति बन्नुपर्ने प्रमुख प्रतिपक्षी दलको अडानका कारण समिति गठनमा विलम्ब भएको बताउँदै सत्तार र प्रतिपक्ष लचिलो भएर टुङ्गोमा पुग्नुपर्छ भन्नुभयो । उहाँले आइतबारको संसद् बैठक अघि नै सहमति हुने र संसद्का कामकारबाही सञ्चालन हुने बताउनुभयो । बचतकर्ताको हिनामिना भएको रकम फिर्ता गर्ने प्रावधानसहित सहमति गर्नुपर्नेमा सत्तापक्ष सकारात्मक रहेको उहाँले बताउनुभयो ।

उपप्रधान तथा गृहमन्त्रीको नाम उल्लेख गर्नुपर्ने प्रतिपक्षी दल आफ्ना अडानबाट पछि हटिसकेको भन्दै मन्त्री गिरीले अपचलन गर्ने कम्पनी वा सहकारीको नाम भने लेख्न सकिने बताउनुभयो । उपप्रधान तथा गृहमन्त्री दोषी हो वा होइन भन्ने कुरा छानबिन पछि मात्र पुष्टि हुने भएकाले कुनै व्यक्तिको नाम तोकेर जाँदा गलत नजिर स्थापित हुने बताउनुभयो ।

मन्त्री गिरीका अनुसार आइतबार संसद्बाट नीति तथा कार्यक्रममाथिको छलफल टुङ्ग्याएर पारित गरिने र १५ गते बजेट ल्याउने तयारीमा सरकार जुटेको बताउनुभयो । उहाँले सरकार संसद्लाई छलेर अध्यादेशबाट बजेट ल्याउने पक्षमा नरहेको स्पष्ट गर्नुभयो। "जेठ १५ गते जसरी पनि आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गर्नुपर्ने संवैधानिक बाध्यता छ, यसमा प्रतिपक्षी दलले पनि सहयोग गर्नुपर्छ", उहाँले भन्नुभयो ।

पृथक प्रसङ्गमा मन्त्री गिरीले सत्य निरुपण तथा मेलमिलापसम्बन्धी विधेयक चाँडै टुङ्गोमा पुग्ने दाबी गर्नुभयो। विधेयकमा सबै राजनीतिक दलका शीर्ष नेता सकारात्मक रहनुभएको तथा उहाँहरू सहमतिको नजिक हुनुहुन्छ भन्दै उहाँले विपक्षी दलको अवरोधका कारण संसद् सहज ढङ्गले सञ्चालन नहुँदा दर्जनौंविधेयकथन्किएका बताउनुभयो। विधेयक पारित नहुँदा स्थानीय र प्रदेश सरकारलाई काम गर्न कठिन भएको उहाँले बताउनुभयो ।रासस

# 'स्रोतसाधनको उपलब्धताका आधारमा योजना छनोट गरिनुपर्छ'

सुर्खेत । कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री वीरबहादुर शाहीले आगामी आर्थिक वर्षको बजेटमा समेटिनुपर्ने योजनाका विषयमा डोल्पाका जनप्रतिनिधिसँग छलफल गर्नुभएको छ ।

उहाँले शनिबार डोल्पाका सबै पालिका प्रमुख, जिल्ला समन्वय समिति प्रमखलगायत सरोकार भएकाहरूसँग बजेटमा समेटनुपर्ने विषयवस्तुका विषयमा छलफल गर्नुभएको हो । त्यसक्रममा मन्त्री शाहीले अघिल्ला आर्थिक वर्षका सिकाइ, अनुभव र कमजोरीहरूलाई ध्यानमा राखी समग्र प्रदेशको विकासमा योगदान गर्ने गरी सरकारले बजेट ल्याउने बताउनुभयो।

उहाँले स्थानीय तहले पनि स्रोतसाधनको उपलब्धता र जनतालाई अत्यावश्यक योजनामा बजेट विनियोजन गर्न आग्रह गर्नुभयो । पहिलो चरणमा स्थानीय तहका जनप्रतिनिधि र दोस्रो चरणमा १० जिल्लाबाट प्रतिनिधित्व गर्ने प्रदेशसभा सदस्यहरुसँग छलफल गरेर बजेट निर्माणमा थप अपनत्व सिर्जना गर्न आफूले प्रयास गर्नेसमेत उहाँले प्रतिवद्धता व्यक्त गर्नुभयो।

छलफलमा जगदुल्ला गाउँपालिकाका अध्यक्ष नारासिं रोकाय, मुडकेचुला गाउँपालिकाका अध्यक्ष दत्तबहादुर शाही, ठुली भेरी नगरपालिकाका प्रमुख श्वबर्णकुमार बुढा, शे–फोक्सुण्डो गाउँपालिकाका अध्यक्ष धावा सम्डुक गुरुङलगायतले स्थानीय तहको स्रोतसाधन र बजेटले जनआकाङ्क्षा पूरा गर्न नसक्ने भन्दै प्रदेश सरकारले सहयोग गर्नुपर्नेमा जोड दिनुभयो। उहाँहरू शिक्षा, स्वास्थ्य र पूर्वाधारका क्षेत्रमा पर्याप्त बजेट व्यवस्था गर्न प्रदेश र केन्द्र सरकारले कर्णालीलाई प्राथमिकतामा राख्नुपर्ने धारणा राख्नुभयो।

छलफलमा सहभागी नागरिक समाजका प्रतिनिधिहरूले समेत व्यक्तिको पहुँच र आवश्यकताभन्दा समग्र क्षेत्रको आवश्यकता, सामूहिकरूपमा भोगिरहेका समस्या समाधानका लागि योजना छनोट र बजेट व्यवस्थापन गर्न आग्रह गर्नुभएको थियो । कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि रु ३३ अर्ब ३७ करोड ९७ लाख ७ हजारको बजेट ल्याइएको थियो ।रासस

# कार्यादेश टुङ्गोमा पुऱ्याउन शीर्ष नेता बैठकमा

काठमाण्डु । संसदीय छानबिन समितिको कार्यादेश (टीओआर) टुङ्गोमा पुऱ्याउन प्रमुख राजनीतिक दलका शीर्ष नेताहरुबीच प्रधानमन्त्री निवास बालुवाटारमा बैठक बसिरहेको छ । शीर्ष नेताबीचको उक्त बैठकले सहकारीको रकम अपचलनबारे संसदीय छानबिन समिति गठन गर्ने कार्यादेशमा सहमति जुटाउने छ ।



सङ्घीय संसद्का दुवै सदनमा जारी गतिरोध अन्त्य गर्न प्रमुख राजनीतिक दलका शीर्ष नेताहरु प्रतिनिधि सम्मिलित कार्यदलमा सहमति जुटाउने अन्तिम बिन्दुमा पुगेको कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले बताउनुभयो। सञ्चारकर्मीसँग संक्षिप्त कुरा गर्दै उहाँले भन्नुभयो- "निकास निकाल्न अन्तिम बिन्दुमा पुगेका छौँ, कार्यदलको बैठकमा भएको छलफलको विस्तृत विषयलाई प्रमुख दलका शीर्ष नेताहरुबीच राख्दैछौँ । यसलाई अन्तिम टुङ्गोमा पुर्याउन कार्यदलको आजको छलफल निकै महत्वपूर्ण रह्यो ।"

मन्त्री गिरीका अनुसार प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका प्रतिनिधिले कार्यदलको बैठकमा सहकारीको रकम अपचलन तथा हिनामिनाको विषयमा संसदीय छानबिन समिति गठन गर्दा निश्चित व्यक्ति एवं पदाधिकारी किटान गर्नुपर्ने माग दोहोर्याउनुभएको थियो ।

"हामी सहमति नजिक नजिक पुगेका छौँ । कुनै कम्पनीसँग सम्बन्धित रहेर छानबिन गर्ने भनिसकेपछि उक्त कम्पनीमा को को जिम्मेवार थिए भन्ने कुरा छानबिनको क्रमपछि थाहा हुन्छ, त्यसमा यी यी व्यक्ति भनिरहनुपर्दैन", उहाँले भन्नुभयो, "जुनजुन सहकारीबाट रकम लगिएको छ वा अपचलन भएको छ, नियमविपरीत रकम गएको छ । जुनजुन कम्पनीले लिएको भन्ने विषय उठेको छ, ती कम्पनी तथा सहकारी संस्थाको नाम उल्लेख गरौँ र त्यसैलाई केन्द्रबिन्दुमा राखेर छानबिन गर्ने गरी छानबिन समिति बनाउन सकिन्छ भन्ने कुरा आएको छ ।" रासस

# 'सदनको गतिरोध अन्त्यका लागिसहमति जुटाउन प्रयास गर्छौं'

काठमाण्डु । सङ्घीय संसद्का दुवै सदनमा जारी गतिरोध अन्त्य गर्न प्रमुख राजनीतिक दलका प्रतिनिधि सम्मिलत कार्यदलमा सहमति जुटाउन भगीरथ प्रयास गरिने कार्यदलका एकजना सदस्यले बताउनुभएको छ ।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले सहकारीको रकम हिनामिना भएको सम्बन्धमा संसदीय छानबिन समिति गठनको माग गर्दै संसद् बैठक अवरोध गरेपछि छानबिन समिति गठन गर्न एक साताअघि समझदारी भए पनि समितिको कार्यदेशबारे टुङ्गो नलाग्दा गतिरोध कायम छ। आज हुने कार्यदलको बैठकमा सहमतिका निम्ति हदैसम्म लचिलो हुने नीति सरकारले लिएको कार्यदलका सदस्य एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का प्रमुख सचेतक महेश बर्तौलाले राससलाई बताउनुभयो ।

प्रमुख दलका शीर्षनेताहरुबीच संसद्को गतिरोध हटाउने विषयमा शुक्रबार भएको छलफल सकारात्मक दिशामा उन्मुख भएपछि कार्यदलमा पनि सहमति हुने सङ्केत मिलेको हो । कार्यदलका सदस्य बर्तौलाले आज दिनभर आफूहरु औपचारिक एवं अनौपचारिक छलफलमा जुट्ने र सहमतिका निम्ति भगीरथ प्रयास गर्ने बताउनुभयो।

प्रमुख सचेतक बर्तौलाले सहकारीको रकम अनियमितता‌मा उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछाने विगतमा जोडिएको सन्दर्भमा उहाँको नाम उल्लेख नगरी उहाँ जोडिएका सहकारीका नाम उल्लेख गरेर छानबिनको कार्यादेश निर्धारण गर्न प्रमुख प्रतिपक्षी दल लचिलो भएको जनाउनुभयो ।रासस

# भारतमा लोकसभा चुनावको छैटौँ चरणको मतदान सम्पन्न

एएनआई

नयाँदिल्ली । जारी लोकसभा चुनावको छैटौँ चरणको मतदान शनिबार सम्पन्न भएको छ । शनिबार बिहान छ वटा राज्य र दुई केन्द्र शासित प्रदेश (युटी)मा फैलिएको ५८ संसदीय निर्वाचन क्षेत्रमा मतदान भएको छ भने बिहान ७ बजे सुरु भएको मतदान साँझ छ बजेसम्म भएको छ ।

बिहान मतदान सुरु हुनुअघि ओडिसामा लोकसभा र विधानसभा चुनावका लागि विभिन्न क्षेत्रमा नमुना मतदान गरिएको थियो ।छैटौँ चरणको मतदानमा बिहारका आठ, हरियाणाका सबै, जम्मु-कश्मीरको एक, झारखण्डका चार, दिल्लीका सात, ओडिसाका छ, उत्तर प्रदेशका १४ र पश्चिम बङ्गालका आठ सिटका लागि मतदान भइरहेको छ । जसमा कुल आठ सय ८९ उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन् ।



छैटौँ चरणमा ओडिसाका ४२ वटा विधानसभा निर्वाचन क्षेत्रमा पनि मतदान हुँदैछ । जहाँ लोकसभा चुनावसँगै विधानसभा चुनाव भइरहेको छ । यस चरणमा दिल्ली र हरियाणाका सबै संसदीय सिटमा मतदान हुनेछ । प्रमुख उम्मेदवारमा दुई पूर्वमुख्यमन्त्री मनोहरलाल खट्टर र मेहबुबा मुफ्ती रहेका छन् । करनालबाट भाजपाका उम्मेदवारका रूपमा खट्टर र अनन्तनाग-राजौरीबाट पिडिपी उम्मेद्वार मेहबुबा मुफ्ती चुनाव लड्दैछन् ।

केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधान, भाजपाका प्रवक्ता सम्बित पात्रा र पूर्वकेन्द्रीय मन्त्री मेनका गान्धी प्रमुख उम्मेदवार छन् । अन्य प्रमुख उम्मेदवारमा बांसुरी स्वराज, सोमनाथ भारती, मनोज तिवारी, कन्हैया कुमार, दिनेशलाल यादव उर्फ 'निरहुआ', धर्मेन्द्र यादव, अभिजीत गङ्गोपाध्याय, अग्निमित्रा पल, नवीन जिन्दल, राज बब्बर, दीपेन्दर सिंह हुडा, कुमारी शैलजा र अपराजित सारङ्गिया रहेका छन् ।

केही प्रमुख सिटमा नयाँ दिल्ली, उत्तर-पूर्वीदिल्ली, उत्तर-पश्चिम दिल्ली र राजधानीको चाँदनी चोक र उत्तर प्रदेशको सुल्तानपुर र आजमगढ समावेश छन् । प्रमुख सिटकैरुपमा जम्मु-कश्मीरको अनन्तनाग-राजौरी, पश्चिम बङ्गालको तामलुक, मेदिनीपुर, हरियाणाको कर्नाल, कुरुक्षेत्र, गुडगाँव, रोहतक र ओडिसाको भुवनेश्वर, पुरी र सम्बलपुरलगायत छन् । पछिल्लो दुई चुनावमा राजधानीका सातवटै लोकसभा सिट जितेको भाजपासँग दिल्लीमा आप र कांग्रेसले संयुक्तरूपमा प्रतिस्पर्धा गरिरहेका छन् । राजधानीमा कांग्रेसले तीनवटा सिटमा लडेको छ भने एएपीले चारवटा सिटमा लडेको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह र पार्टीका अन्य नेताको र्‍यालीले भाजपाको अभियानलाई बलियो बनाएको छ । सर्वोच्च अदालतद्वारा अन्तरिम जमानतमा रिहा भएका दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले पनि आप र कांग्रेस उम्मेद्वारका लागि मत मागेका छन् ।आम आदमी पार्टी र कांग्रेसले हरियाणामा पनि हातेमालो गरेका छन् । जहाँ सन् २०१९ को लोकसभा चुनावमा भाजपाले सबै सिट जितेको थियो । हिसार सहित राज्यका केही सिटमा बहुआयामिक प्रतिस्पर्धा भइरहेको छ । यस राज्यमा लोकसभा चुनावको केही महिनापछि विधानसभा चुनाव हुनेछ ।


ओडिसाका सम्बलपुर, भुवनेश्वर र पुरीमा पनि केही सौदावाजीको सामना गरिरहेको छ । जहाँ तातो मौसम तथा वर्षाको प्रतिकूल प्रभाव व्यवस्थापन गर्न पर्याप्त उपाय अपनाउन सम्बन्धित सीइओ र राज्य अधिकारीलाई निर्देशन दिइएको निर्वाचन आयोगले जनाएको छ । मतदान केन्द्रमा पर्याप्त छायाँ, पिउने पानी, शौचालय र अन्य आधारभूत सुविधा हुनेछन् ताकि मतदान सहज र सुरक्षित वातावरणमा सम्पन्न होस् ।

निर्वाचन आयोगले मतदातालाई ठूलो संख्यामा मतदान केन्द्रमा उपस्थित भएर जिम्मेवारी र गर्वका साथ मतदान गर्न अपिल गरेको छ ।आम चुनावको पहिलो पाँच चरणमा २५ राज्य र केन्द्र शासित प्रदेशका चार सय २८ संसदीय निर्वाचन क्षेत्रमा मतदान भइसकेको छ । जहाँ ११.१३ करोडभन्दा बढी मतदातामध्ये ५.८४ करोड पुरुष, ५.२९ करोड महिला पाँच हजार एक सय २० तेस्रो लिङ्गका मतदाता छन् । निर्वाचन सञ्चालन गर्न करिब ११.४ लाख मतदान अधिकारी सङ्लग्न हुनेछन् ।

जहाँ ८५ वर्षभन्दा माथिका ८.९३ लाख दर्ता भएका मतदाता, १०० वर्षभन्दा माथिका २३ हजार ६५९ मतदातालाई लोकसभा चुनावको अन्तिम चरणमा आफ्नो घरबाट मतदान गर्ने विकल्प प्रदान गरिएको छ । जम्मू-कश्मीरको अनन्तनाग-राजौरी लोकसभा निर्वाचन क्षेत्रमा आइतबार मतदान हुनेछ ।

निर्वाचन समितिले मतदानको मिति परिवर्तन गर्न निवेदन प्राप्त गरेपछि मतदानको मिति मे-७ बाट २५ सम्म संशोधन गरेको थियो ।सातौँ चरणको मतदानपछि जुन-१ मा लोकसभा सम्पन्न हुनेछ जसमा ५७ निर्वाचन क्षेत्रका मतदाताले आफ्नो मताधिकार प्रयोग गर्नेछन् । निर्वाचनको परिणाम भने जुन-४ मा घोषणा गर्ने जनाइएको छ ।

# अभ्यास खेलमा नेपालको जित



काठमाण्डु । नेपालले पहिलो टी-२० अभ्यास खेलमा घरेलु टोली ह्युस्टन हरिकेन्समाथि ६ रनको रोमाञ्चक जित हात पारेको छ ।१४७ रनको लक्ष्य पछ्याएको हरिकेन्सले २० ओभरमा ८ विकेट गुमाउँदै १४० रन बनायो ।

अन्तिम ६ बलमा हरिकेन्सलाई जितको लागि १० रन चाहिएको थियो । तीव्र गतिका बलर करण केसीले अन्तिम ओभरमा ३ रन खर्चेर एक विकेट लिंदै नेपाललाई जित दिलाए । त्यसअघि १९ औं ओभरमा अभिनाश बोहराले १४ रन खर्चेका थिए ।हरिकेन्सबाट लाहिरु मिलान्थाले २२ बलमा ४ चौका र १ छक्कासहित सर्वाधिक ३३ रन बनाए । अली शेख २३, स्मित पटेल १९ आर्कषित गोमेल १८ रनमा आउट भए ।नेपालका सोमपाल कामीले ४ ओभरमा ३३ रन खर्चेर २ विकेट लिए । करण केसीले ३ ओभरमा २७ रन खर्चेर २ विकेट लिए । रोहित पौडेल, कुशल भुर्तेल, सागर ढकाल र अभिनाश बोहराले एक/एक विकेट लिए ।

> अन्तिम ६ बलमा हरिकेन्सलाई जितको लागि १० रन चाहिएको थियो । तीव्र गतिका बलर करण केसीले अन्तिम ओभरमा ३ रन खर्चेर एक विकेट लिंदै नेपाललाई जित दिलाए ।

त्यसअघि प्रेरी भ्यू कम्पलेक्स ह्युस्टनमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले २० ओभरमा ८ विकेट गुमाउँदै १४६ रन बनाएको थियो । नेपालका तेस्रो नम्बरका ब्याटर अनिल कुमार साहले ३८ बलमा ३ चौका र २ छक्कासहित सर्वाधिक ४७ रन बनाए ।नेपालको सुरुवात भने राम्रो हुन थिएन ।

ओपनर कुशल भुर्तेल ६ बलमा १ रन तथा आसिफ शेख ६ बलमा ४ रनमा आउट भएका थिए । दुवै ओपनर क्याच आउट हुँदा नेपाल २.२ ओभरमा ९/२ को अवस्थामा थियो ।

त्यसपछि अनिल र रोहित पौडेलले तेस्रो विकेटका लागि ५१ रनको साझेदारी गरेका थिए । स्पिनर अली शेखको बलमा स्वीप खेल्ने धुनमा रोहित २३ रनमा एलबीडब्लू आउट भए । रोहितले १८ बलमा २ चौका प्रहार गरे ।चौथो विकेटका लागि अनिल र कुशल मल्लले ३० रनको साझेदारी गरेका थिए । कुशल मल्ल जिआ शाहजादको १३ औं ओभरको अन्तिम बलमा लङअफमा १२ रनमा नौमानबाट क्याच आउट भए । लगत्तै अर्को ओभरमा अनिल जोस ट्रम्पलाई ठूलो सट खेल्ने धुनमा डीप मिडविकेटमा जियाबाट क्याच आउट भएका थिए ।

गुलशन झा १८ बलमा ३ चौकासहित २० रनमा आउट भए । सन्दीप जोरा १५ बलमा ३ चौकासहित २१ रनमा आउट भए । करण केसी ५ बलमा १ छक्कासहित १० रनमा नट आउट रहे ।ह्युस्टन हरिकेन्सका उस्मान शिनवारीले ४ ओभरमा २३ रन खर्चेर २ विकेट लिए । इमरान खान जुनियरले ३ ओभरमा २० रन खर्चेर २ विकेट लिए । जोश ट्रम्प, अली शेख र जिया जाहजादले एक/एक विकेट लिए ।नेपालले दोस्रो खेल शनिबार हरिकेन्ससँग नै खेल्नेछ ।

# युक्रेनलाई २७ करोड ५० लाख अमेरिकी डलर सहयोग गर्ने अमेरिकाको घोषणा

एएनआई

वासिङ्टन डीसी ।संयुक्त राज्य अमेरिकाले शुक्रबार युक्रेनका लागि २७ करोड पचास लाख अमेरिकी डलरको नयाँ सुरक्षा सहायता प्रदान गर्ने घोषणा गरेको छ । सहायतामा गोला बारुद, आर्टिलरी राउन्ड र सटीक हवाई हतियार समावेश छन् ।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले रुससँगको युद्धमा युक्रेनलाई अमेरिकाको समर्थन रहेको दोहोऱ्याउनुभएको छ । उहाँले युक्रेनलाई नयाँ सुरक्षा सहायता प्रदान गर्नु कियभलाई खार्किभ नजिकै मस्कोको आक्रमणलाई रोक्न मद्दत गर्ने अमेरिकी प्रयासको एक हिस्सा रहेको बताउनुभयो ।

सामाजिक सञ्जाल एक्सको एक पोस्टमा ब्लिन्केनले भन्नुभयो, "आज संयुक्त राज्य अमेरिकाले युक्रेनका बहादुर मानिसलाई सहयोग गर्न २७ करोड ५० लाख अमेरिकी डलरको हतियार र उपकरण प्रदान गर्ने घोषणा गरिरहेको छ । रुसको आक्रामकता विरुद्धको लडाइँमा हामी युक्रेनको साथमा रहनेछौँ ।"

"यो २७ करोड ५० लाख मिलियन अमेरिकी डलरको प्याकेज युक्रेनलाई खार्किभ नजिकै रुसको आक्रमणलाई रोक्न मद्दत गर्ने हाम्रो प्रयासको एक हिस्सा हो । यसमा हिमार्सका लागि गोला बारुद एक सय ५५ एमएम र एक सय ५ एमएम आर्टिलरी राउन्ड, ट्यूब-लन्च, अप्टिकली-ट्र्याक्ड, वायर-गाइडेड मिसाइल, ज्याभलिन र एटी-४ एन्टी-आर्मर प्रणाली, सटीक हवाई हतियार, साना हतियार, गोला बारुद, एन्टी-आर्मर माइन, सामरिक सवारी साधन, शरीर कवच, रासायनिक, आणविक सुरक्षा उपकरण, स्पेयर पार्ट्स, मर्मतसम्भार र अन्य तत्काल आवश्यक उपकरण समावेश छन्", उहाँले बताउनुभयो । ब्लिन्केनले भन्नुभयो, "राष्ट्रपति बाइडेनले स्पष्ट गरिसक्नुभएको छ, संयुक्त राज्य अमेरिका र अन्तर्राष्ट्रिय गठबन्धन युक्रेनको स्वतन्त्रताको रक्षामा युक्रेनको साथमा रहनेछ ।"

सन् २०२२ मा मस्को र कियभबीच युद्ध सुरु भएदेखि अमेरिकाले युक्रेनलाई सहयोग गर्ने प्रस्ताव गरेको हो । रसियासँग चलिरहेको युद्धबीच कियभलाई अमेरिकी समर्थनको पुष्टि गर्न यस महिनाको सुरुमा एन्टनी ब्लिन्केनले युक्रेनको आकस्मिक भ्रमणमा पुग्नुभएको थियो । फेब्रअरी २०२२ मा मस्को र कियभबीच युद्ध सुरु भएपछि उहाँले चौथो पटक यो अघोषित भ्रमण गर्नुभएको हो ।

# राष्ट्रसंघीय सुरक्षा परिषद्द्वारा मानवीय कामदारको सुरक्षाका लागि प्रस्ताव पारित

सिन्ह्वा

राष्ट्रसङ्घ ।सुरक्षा परिषद्ले शुक्रबार मानवीय कामदारको सुरक्षाको लागि प्रस्ताव पारित गरेको छ । जसले सबै राज्यलाई मानवीय कर्मचारी, संयुक्त राष्ट्र र सम्बन्धित कर्मचारीको सम्मान र सुरक्षा गर्न आह्वान गर्दछ । प्रस्तावले -२७३०ले सुरक्षा परिषद्का १५ सदस्यमध्ये १४ को समर्थन प्राप्त गर्यो भने रुस अनुपस्थित रह्यो ।



प्रस्तावमा सबै राज्य तथा सशस्त्र द्वन्द्वका पक्षलाई सबै परिस्थितिमा लागू हुने अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्मानको सुनिश्चित गर्न आह्वान गरिएको छ ।यसले सशस्त्र द्वन्द्वका सबै पक्षलाई अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र अन्तर्राष्ट्रिय मानवीय कानुन अन्तर्गतका दायित्वको पूर्णपालना गर्न निर्देशन गरेको छ । जसमा मानवीय कर्मचारी र संयुक्त राष्ट्र र सम्बन्धित कर्मचारीको सम्मान र संरक्षणसम्बन्धी दायित्व समावेश छन् ।

यसले मानवतावादी कर्मचारी, संयुक्त राष्ट्र सङ्घ सम्बन्धित कर्मचारी र सम्पत्ति विरुद्ध हिंसा, धम्कीसहितका हिंसा र आक्रमणको कडा निन्दा गर्दछ ।यसले विशेष गरी सशस्त्र द्वन्द्वका पक्षलाई शत्रुता आचरणमा भिन्नता, आनुपातिकता र सावधानीका सिद्धान्तको सम्मान गरी नागरिकको अस्तित्वका लागि अपरिहार्य वस्तु आक्रमण तथा नष्ट गर्नबाट टाढा रहन आग्रह गर्दछ ।

यसले सशस्त्र द्वन्द्वका सबै पक्षलाई अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन गर्दै विस्फोटक उपकरणको अन्धाधुन्ध प्रयोगको अन्त्य गर्न आह्वान गर्दछ । यस खतरालाई प्रभावकारीरूपमा कम गर्न उचित उपाय लिन आवश्यक कुरामा जोड दिन्छ ।प्रस्तावले मानवीय पहुँचको गैरकानुनी अस्वीकार र नागरिकको अस्तित्वका लागि अपरिहार्य वस्तुबाट वञ्चितीको कडा निन्दा गर्दछ । यसले सशस्त्र द्वन्द्वका सबै पक्षलाई आवश्यक नागरिकलाई पूर्ण, सुरक्षित, निर्वाध मानवीय पहुँचको अनुमतिसहित सुविधा प्रदान गरी मानवीय कर्मचारी, राष्ट्रसङ्घ सम्बन्धित कर्मचारीको सुरक्षा, स्वतन्त्रता र सुरक्षा प्रवर्द्धन गर्न आग्रह गर्दछ ।

प्रस्तावले गलत सूचना हेरफेर, र मानवतावादी कर्मचारी, र सम्पत्ति विरुद्ध हिंसाको निन्दा गर्दै कर्मचारीमा गलत सूचनाको प्रभावमा चिन्ता व्यक्त गर्दछ ।यसले राज्यलाई अन्तर्राष्ट्रिय मानवीय कानुन र अन्तर्राष्ट्रिय मानवअधिकार कानुन उल्लङ्घन आफ्नो क्षेत्राधिकारभित्र पूर्ण, निष्पक्ष, प्रभावकारी अनुसन्धान गरी उपयुक्त घरेलु र अन्तर्राष्ट्रिय कानुनअनुसार जिम्मेवार व्यक्ति विरुद्ध कारबाही गर्न आग्रह गर्दछ ।यसले अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घनका लागि जिम्मेवार व्यक्ति विरुद्ध मुद्दा चलाउन र घरेलु, क्षेत्रीय र अन्तर्राष्ट्रिय अदालत र न्यायाधिकरणसँग सहयोग गर्न राज्यलाई आग्रह गर्दछ ।

# माल्दिभ्सद्वारा बढ्दो समुद्री सतह व्यवस्थापनका लागि सहयोगको माग

एएफपी

माले । माल्दिभ्सले हिन्द महासागरको तल्लो भागमा रहेको द्वीपसमूहलाई सबैभन्दा उदार सहयोगका उपायहरूबाट अनुचित रूपमा बहिष्कृत गरिएको भन्दै समुद्रको बढ्दो सतहसँग जुध्न अन्तर्राष्ट्रिय कोषको माग गरेको छ ।

"माल्दिभ्स विश्वव्यापी उत्सर्जनको ०.००३ प्रतिशत हिस्साका लागि मात्र जिम्मेवार छ, तर जलवायु सङ्कटको अस्तित्वको परिणाम भोग्ने सिमित देशमध्ये एक हो," राष्ट्रपति मोहम्मद मुइज्जुले बेलायतको गार्जियन पत्रिकामा प्रकाशित लेखमा उल्लेख गर्नुभएको छ । "हाम्रो जस्तो समुदायप्रति धनी राष्ट्रहरूको नैतिक जिम्मेवारी छ," उहाँले भन्नुभयो ।उहाँले साना टापु तथा विकासोन्मुख राष्ट्र (सिड्स)को एक दशकको एक पटक हुने सम्मेलनको पूर्वसन्ध्यामा यस्तो टिप्पणी गर्नुभएको हो । ती राष्ट्रहरूमध्ये केही अत्यधिक विलासी पर्यटन गन्तव्यका रूपमा चिनिन्छन् तर समुद्रको बढ्दो सतहका कारण खतरामा परेका छन् ।

सिड्सले अति कम विकसित मुलुकले प्राप्त गर्ने रकमको करिब १४ प्रतिशत मात्र प्राप्त गर्ने गरेको उहाँले बताउनुभयो । आईएमएफका अनुसार माल्दिभ्सको प्रतिव्यक्ति आय चिली, मेक्सिको, मलेसिया वा चीनको तुलनामा उच्च छ, तर मुइज्जुले कुल गार्हस्थ्य उत्पादनलाई मापकका रूपमा उल्लेख गर्नुभएको छ । उहाँले भन्नुभएको छ, "माल्दिभ्सको स्वस्थ पर्यटन उद्योगका कारण हामी एक उदीयमान अर्थव्यवस्थाको रूपमा स्थापित मानिन्छौँ र यसैले सबैभन्दा कम आय भएका देशहरूको लागि छुट्याइएको सस्तो वित्तपोषणबाट टाढा छौं ।"

मुइज्जुले आफ्नो देशलाई जलवायु परिवर्तनको प्रभाव कम गर्न करिब ५० करोड अमेरिकी डलर आवश्यक रहेको र पर्यटनमा निर्भर अर्थतन्त्र रहेको माल्दिभ्सले आफैंले रकम जुटाउन नसकेको बताउनुभएको छ । माल्दिभ्सका तत्कालीन राष्ट्रपति मौमून अब्दुल गयूमले समुद्रको सतह एक मिटर (३.३ फिट)ले वृद्धि भएमा एक हजार १९२ वटा स-साना कोरल टापुहरू डुब्ने बताएको पाँच वर्षपछि सन् १९९४ मा सिड्सको पहिलो बैठक भएको थियो ।गयूमले सफलतापूर्वक समुद्री सतहबाट दुई मिटर माथि र आफ्नो भीडभाड भएको राजधानी मालेको दुई गुणा ठूलो कृत्रिम टापु निर्माणको काम सुरु गर्नुभएको थियो ।

गत सेप्टेम्बरमा निर्वाचित मुइज्जुले बढ्दो सामुद्रिक सतहसँग जुध्नका लागि ३० हजार आवासीय भवनहरू भएको 'रस माले' परियोजनासहितको ठूलो मानव निर्मित टापुको योजना सार्वजनिक गर्नुभएको छ । तर यो परियोजना पूर्वाधारको कामको रूपमा वर्गीकृत गरिएकाले जलवायु वित्तपोषणको लागि योग्य नमानिएको उहाँले दुखेसो पोख्नुभयो । मुइज्जुलाई बेइजिङ समर्थकका रूपमा हेरिएको छ र सरकारी अधिकारीहरूका अनुसार उहाँले सुरू गरेका अधिकांश निर्माण कार्य चिनियाँ फर्महरूले गर्ने अपेक्षा गरिएको छ ।

हार्दिक श्रद्धाञ्जली



स्व. मरहन यादव

प्रात:स्मरणीय मेरी हजुरआमा
मरहन यादव (मावलीतर्फ) को
मिति २०८१/०२/०२ गते देहवसान
भएको आज १३ औं दिनको पुण्यतिथिमा
दिवंगत आत्माको चीरशान्तिको
कामनागर्दै शोकाकुल परिवारजनमा
हार्दिक समवेदना प्रकट गर्दछु ।

हरीशंकर यादव
प्रमुख प्रशासकीय अधिकृत
नरहा गाउँपालिका, नरहा, सिरहा

# राष्ट्रिय ललितकला प्रदर्शनी मंगलबारदेखि



काठमाण्डु । गणतन्त्र दिवसको सम्मान एवं स्मरणमा मङ्गलबारदेखि राष्ट्रिय ललितकला प्रदर्शनी आयोजना गर्न लागिएको छ।

नेपाली ललितकला क्षेत्रको महोत्सव एवं सबैभन्दा ठूलो कार्यक्रम मानिने 'राष्ट्रिय ललितकला प्रदर्शनी'को तयारी अन्तिम चरणमा पुगेको नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका उपकुलपति एवं प्रदर्शनी संयोजक लालकाजी लामाले जानकारी दिनुभयो । उहाँका अनुसार यसवर्ष पहिलोपटक सङ्घीयतालाई कार्यान्वयनस्वरुप प्रादेशिक ललितकला प्रदर्शनी सम्पन्न गरी त्यहाँबाट छनोट भएका कलाकृतिलाई ल्याएर काठमाडौँमा प्रदर्शन गर्ने अभ्यास हुँदैछ।

"पहिले पहिले प्रादेशिक रुपमा यसरी कार्यक्रम हुने थिएनन् । केन्द्रमा मात्रै कार्यक्रम हुने गरिएकामा यसवर्ष प्रदेशमा समेत प्रदर्शनी गरी त्यहाँ समावेश भएका कलाकृतिलाई छनोट गरेर केन्द्रमा प्रदर्शन गर्न लागिएको हो", प्रदर्शनी संयोजक लामाले भन्नुभयो। सहिदका साथै विद्यार्थीको विधासमेत समेटेर पुरस्कार तथा सम्मान थप गरिएको पनि उहाँले जानकारी दिनुभयो।

संयोजक लामाका अनुसार सात प्रदेशबाट छनोट भएर आएका कलाकृतिलाई निर्णायकबाट छनोट गरी प्रदर्शनमा राखिने छन् । यसवर्ष गणतन्त्र दिवसका दिनदेखि सुरु हुने प्रदर्शनी यही जेठ ३० गतेसम्म सञ्चालन हुनेछ। संयोजक लामाले भन्नुभयो, "पहिले केन्द्रमा प्रदर्शनी गर्दा ६० प्रतिशत कलाहरु वाग्मती प्रदेशका हुन्थे तर यसवर्ष सात प्रदेशबाटै कला समेटिएका छन् । विकट र दुर्गमका कलाकृतिले समेत स्थान पाउनेछ । कर्णालीका यसअघि आठ/१० वटा कला सहभागी हुनेमा यसपटक ७०/८० वटासम्म कलाकृति आउन लागेको छन् ।"

प्रदर्शनीमा चित्रकला, मूर्तिकला, हस्तकला, लोककला, वास्तुकला तथा अन्य सिर्जनात्मक कला विधामा पुरस्कार प्रदान गरिने उहाँले जानकारी दिनुभयो । लामाका अनुसार सिर्जनात्मक कलामा फोटोग्राफी, कार्टुन, क्यारिकेचर, इन्स्टलेसन, परफर्मेन्सलगायत विधाहरु रहेका छन् । यसभित्र रहेर हरेक प्रदेशमा दुईवटा पुरस्कार राखिएको छ।

सबै विधालाई समेटेर हरेक प्रदेशमा दुईवटा पुरस्कार दिइनेछ । सबै विधाबाट उत्कृष्टलाई एउटालाई पुरस्कार दिइने संयोजक लामाले जानकारी दिनुभयो । उहाँका अनुसार सबै गरेर आठवटा पुरस्कार एउटा प्रदेशले पाउनेछ । यसरी पुरस्कार प्राप्त गर्नका लागि भने हरेक विधामा कम्तीमा पाँचवटा सिर्जना समावेश भएको हुनुपर्ने प्रावधान रहेको लामाले बताउनुभयो । उहाँले प्रदर्शनीले मौलिक परिचय र ज्ञान, त्यमसा आधारित सीप र आयआर्जनलाई बढोत्तरी दिन तथा पहिचान दिनका लागि महत्वपूर्ण मानिएको बताउनुभयो।

प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले लतिकला क्षेत्रको उन्नयन, संरक्षण संवर्द्धन, प्रवर्द्धन र पर्यटक विकासका लागि ललितकला प्रदर्शनी फलदायी हुने बताउनुभयो । उहाँले ललितकलाको पुनर्जागरण गराउने गरी यसपालि काम थालिएको बताउनुभयो।

'सामाजिक रुपान्तरण ललितकलाको अभियान' भन्ने नाराका साथ आयोजना हुने प्रदर्शनीमा देशभरका करिब एक हजार कलाकृति समावेश गर्ने तयारी गरिएको छ। यसका लागि मल समिति र अन्य छवटा उपसमिति गठन गरी तयारी भइरहेका प्रतिष्ठानले जनाएको छ । प्रतिष्ठानका सदस्यसचिव देवेन्द्रकुमार काफ्ले थुम्केलीले छनोट भएर आउने भएकाले यसपालिको प्रदर्शनी उत्कृष्ट र महत्वपूर्ण हुने बताउनुभयो ।रासस

# लगातार घाटामा गएपछि अण्डाको लागत मूल्यको खोजी

चितवन। पछिल्ला वर्षहरुमा कुखुरा पालक किसानले अण्डाको लागत मूल्य पाउन नसकेपछि विज्ञ समूह बनाएर अण्डाको वैज्ञानिक लागत मूल्य खोजी गरेका छन्। न्यून मूल्यमा अण्डा बिक्री गर्नु परेपछि अधिकांश किसान विस्थापित हुन थालेसँगै लागत मूल्यको खोजी गरिएको हो।

नेपाल कुखुरा व्यवसायी मञ्चको अग्रसरतामा पोल्ट्री विज्ञ डा तिलचन्द्र भट्टराई, कृषि तथा वन विज्ञान विश्व विद्यालयका सहप्राध्यापकहरु डा रेवन्त भट्टराई, डा सुविर सिंह, उपप्राध्यापक डा अनन्त दाहाल र डा विष्णु पोखरेल समूहले अण्डाको वैज्ञानिक लागत मूल्य निकालेको हो।

मञ्चका निवर्तमान अध्यक्ष राजेन्द्र लामिछानेका अनुसार अण्डा प्रतिगोटा १६ दशमलव ५६ किसानको लागत मूल्य विज्ञ समूहले निकालेको छ। हाल फार्म मूल्य किसानले सरदर रु १५ दशमलव ३३ पाउने गरेका छन्। अहिले पाएको मूल्य हालसम्मकै बढी



हो। एक वर्ष छ महिना अघि प्रतिगोटा रु आठमा समेत बिक्री गर्न किसान बाध्य थिए।

मञ्चले लागत मूल्यका बारेमा स्थानीयस्तरमा सरकारी र निजी क्षेत्रसँग छलफल गरेर समर्थन मूल्य निर्धारणका लागि सरकारलाई अनुरोध गर्ने निर्णय गरेको लामिछानेले जानकारी दिनुभयो। उहाँका अनुसार उद्योग वाणिज्य सङ्घ, उद्योग सङ्घ, च्याम्बर अफ कमर्स, स्थानीय जनप्रतिनिधि, पशु सेवा कार्यालय, राष्ट्रिय पन्छी रोग अन्वेषण प्रयोगशाला लगायत सरोकारवालासँग छलफल गरेर कम्तीमा लागत मूल्य धान्ने गरी समर्थन मूल्य तोक्न सरकारलाई आग्रह गर्ने निर्णय गरिएको हो।डा अनन्त दाहालका अनुसार फार्म निर्माण, चल्ला खरिद, दानाको खपत, बैंक ब्याज, औषधि, मजदुरलगायतको खर्च समेटेर लागत मूल्य तय गरिएको हो। नेपाल लेयर्स कुखुरा पालक सङ्घका अध्यक्ष विनोद पोखरेलले यसअघि धेरै उत्पादन भएको तुलनामा अहिले अण्डाको उत्पादन आधा घटेको छ।

नेपालमा धेरै उत्पादन हुँदा दैनिक ६० लाखसम्म अण्डा उत्पादन भएको अनुमान गरिन्छ। हाल दैनिक २८ लाख मात्रै अण्डा उत्पादन हुँदै आएको उहाँले जानकारी दिनुभयो। पोखरेलले ७५ प्रतिशत किसान लागत मूल्यमा उत्पादन बिक्री गर्न नपाएपछि विस्थापित हुनु परेको बताउनुभयो। टिकेकाहरुले पनि बैंकको ऋण थप गरेर व्यवसाय धानेको उहाँको भनाइ छ।रासस

# चौबिस खर्ब हाराहारीमा सार्वजनिक ऋण




काठमाण्डु। मुलुकले भुक्तान गर्न बाँकी सार्वजनिक ऋण करिब रु २४ खर्ब रहेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ। साथै चालु आर्थिक वर्षको १० महिनामा रु ९८ अर्ब ऋण थपिएको छ । यो चालु आवको १० महिनाको भुक्तानी गर्न बाँकी सार्वजनिक ऋण हो।

"चालु आर्थिक वर्ष २०८०/८१ को सुरुमा कूल सार्वजनिक ऋण रु २२ खर्ब ९९ अर्ब रहेकामा २०८१ वैशाख मसान्तसम्ममा रु ९८ अर्ब आठ करोड थप प्राप्त भई कूल ऋण रु २३ खर्ब ९७ अर्ब रहेको छ", सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको प्रतिवेदनमा उल्लेख छ, "चैत महिनाको तुलनामा कूल सार्वजनिक ऋण रु ११ अर्ब ६४ करोड थप भएको छ। कूल गार्हस्थ्य उत्पादनका आधारमा सार्वजनिक ऋण ४२ दशमलव ०२ प्रतिशत हुन आउँछ।"

गत वैशाख मसान्तसम्मको कूल सरकारी ऋणमा आन्तरिक ऋणको दायित्व रु ११ खर्ब ८४ अर्ब ४८ करोड बराबर रहेको छ। यो अवधिसम्मको आन्तरिक ऋण मुलुकको कूल गार्हस्थ्य उत्पादन (जिपिडी) को २० दशमलव ७६ प्रतिशत प्रतिशत बराबर हो। त्यस्तै बाह्य ऋण दायित्व रु १२ खर्ब १२ अर्ब ९५ करोड बराबर पुगेको छ। जिडिपी अनुपातमा बाह्य ऋणको दायित्व २१ दशमलव २६ प्रतिशत बराबर हो।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्षको वैशाख मसान्तसम्ममा सरकारले कूल रु दुई खर्ब ६४ अर्ब ६३ करोड बराबर ऋण उठाउँदा रु एक खर्ब ६६ अर्ब ५५ करोड ४४ लाख बराबर साँवा ब्याज भुक्तानी गरेको छ । यो अवधिमा सरकारले उठाएको ऋणमध्ये आन्तरिक ऋण रु एक खर्ब ९१ अर्ब र बाह्य ऋण रु ७३ अर्ब ६३ करोड बराबर हो। त्यस्तै, साँवा ब्याज भुक्तानीतर्फ आन्तरिक ऋणको साँवाब्याज भुक्तानीमा रु एक खर्ब ३५ अर्ब ६२ करोड र बाह्य ऋणको साँवाब्याजतर्फ रु ३० अर्ब ९३ करोड बराबर भुक्तानी भएको छ।

गत वैशाख मसान्तसम्ममा वार्षिक लक्ष्यको ५८ दशमलव ४५ प्रतिशत बराबर ऋण उठाइएको पनि कार्यालयले जनाएको छ । "चालु आर्थिक वर्षमा रु चार खर्ब ५२ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकामा वैशाख मसान्तसम्ममा रु दुई खर्ब ६५ अर्ब ऋण प्राप्ति भएको छ", कार्यालयको प्रतिवेदनमा भनिएको छ, "वार्षिक लक्ष्यको तुलनामा कूल सार्वजनिक ऋण प्राप्ति ५८ दशमलव ४५ प्रतिशत र आन्तरिक ऋण प्राप्ति ७९ दशमलव ५८ प्रतिशत तथा बाह्य ऋण प्राप्ति ३४ दशमलव ६१ प्रतिशत रहेको छ।"

चालु आर्थिक वर्षका लागि सार्वजनिक ऋणको साँवा तथा ब्याज भुक्तानीका लागि रु तीन खर्ब ३० अर्ब बराबर वार्षिक बजेट विनियोजन भएको थियो। वैशाख मसान्तसम्ममा रु दुई खर्ब २२ अर्ब बराबर भुक्तानी भएको छ । यो वार्षिक विनियोजनका आधारमा ७० दशमलव ५७ प्रतिशत बराबर हो ।रासस

# स्वरोजगार बनाउने किसिमका सीप सिकाउनेमा जोड

पाटन। ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले महानगरले उपयोगमा आउने तथा स्वरोजगार बनाउने किसिमका सीप मात्र सिकाउनेमा जोड दिनुभएको छ।

शुक्रबार यहाँ आयोजित 'रोजगारीको खोजीमा रहेका युवालाई रोजगार प्रवर्द्धनका लागि सहकार्य'सम्बन्धी निजी क्षेत्र र सरोकार भएकाबीच अन्तर्क्रियात्मक कार्यक्रममा महानगर प्रमुख महर्जनले नगरसभाबाट पारित भई सञ्चालित तालिम तथा सीप सिकाउने कार्यक्रम प्रमाणपत्र वितरणका लागि मात्रै नभई स्वरोजगार बनाउने किसिमका हुने बताउनुभयो।

"आजको अन्तर्क्रियामा पनि सहभागीले स्वरोजगमरमूलक सीप सिकाउने कुरामा जोड दिनुभएको छ । केही दिनअघिको सार्वजनिक सुनुवाइमा पनि महानगरले सञ्चालन गर्ने तालिम जीवन उपयोगी हुनुपर्ने सुझाव आएका छन्", उहाँले भन्नुभयो, "ती सुझाव र राज्यबाट प्राप्त बजेटको उचित सदुपयोग गरी स्वरोजगारमूलक तालिम सिकाउनेमा प्रतिबद्ध छौँ।"

बजेट मात्रै खर्च हुने, व्यवहारमा कार्यान्वयन नहुने र आयआर्जनमा वृद्धि नगर्ने किसिमका वडास्तरीय तालिमका लागि बजेट विनियोजन नगर्ने महानगरप्रमुख महर्जनको भनाइ छ। रोजगार सेवा केन्द्रमार्फत महानगरबाट सीपमूलक तालिम दिने योजना रहेको भन्दै उहाँले विद्युतीय सवारी मर्मतका साथै अन्य स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न सहयोग गरिने उल्लेख गर्नुभयो।

महानगरप्रमुख महर्जनले अहिले ललितपुर महानगरमा ३० हजारभन्दा बढी युवायुवतीले स्वरोजगारमूलक काम गरिरहेका जनाउँदै रोजगारमा आबद्ध हुनेको सङ्ख्या अझै वृद्धि गर्दै लैजाने योजना रहेको बताउनुभयो । "उद्योगी व्यवसायी तथा अन्य सहभागीले दिनुभएको सुझावका आधारमा उद्योग सञ्चालन गर्न आवश्यक दक्ष जनशक्ति तयार पार्न लगानी गर्नेछौँ", उहाँले भन्नुभयो, "साथै महिला तथा पिछडिएको वर्गलाई आत्मनिरर्भर बनाउन आवश्यकताका आधारमा रोजगार केन्द्रसँगको सहकार्यमा सीप प्रदान गर्नेछौँ।"

**उपप्रमुख मञ्जली शाक्य बज्राचार्यले पूर्वाधार तथा अन्य विकास निर्माणसँगै मानव विकास र युवालाई रोजगारी प्रदान गर्न महानगरले विशेष योजना बनाएर कार्यान्वयन गरिरहेको बताउनुभयो ।**

उपप्रमुख मञ्जली शाक्य बज्राचार्यले पूर्वाधार तथा अन्य विकास निर्माणसँगै मानव विकास र युवालाई रोजगारी प्रदान गर्न महानगरले विशेष योजना बनाएर कार्यान्वयन गरिरहेको बताउनुभयो। ललितपुर हस्तकलाको नगरी भएकाले हस्तकला क्षेत्रलाई प्राथमिकता दिएर तालिम सञ्चालन गरिरहेको भन्दै उहाँले बेरोजगार युवालाई स्वदेशमा नै अवसर सिर्जना गर्न महानगर प्रतिबद्ध रहेको बताउनुभयो।

उपप्रमुख शाक्यले रोजगारीको खोजीमा भएका युवाको तथ्याङ्क सङ्कलन गरी वेबसाइटमा जोड्ने र औद्योगिक क्षेत्र अनुसार वर्गीकरण गरेर रोजगारीको वातावरण तयार गरिने जानकारी दिनुभयो। उहाँले 'पढ्दै सिक्दै र काम गर्दै' अगाडि बढ्न चाहानेका लागि पहिलो प्राथमिकतामा राखिने भन्दै श्रमको सम्मान नगर्ने अवस्थालाई अन्त्य गरिने बताउनुभयो।

महानगरकी प्रमुख प्रशासकीय अधिकृत रेखादास श्रेष्ठले रोजगारदाता र रोजगारीमा रहेकाबीचको बेमेललाई परिपूर्ति गर्न महानगर प्रयत्नशील रहको बताउनुभयो। "निजी क्षेत्र आर्थिक वृद्धिको इञ्जिन हुन्। अर्थतन्त्रलाई गतिशील बनाउन निजी क्षेत्रलाई प्रोत्साहित गर्न महानगर क्रियाशील छ । निजी क्षेत्रसँगको सहकार्यमा थप दक्ष जनशक्ति उत्पादन गर्नेगरी तालिम प्रदान गर्नेछौँ", उहाँले भन्नुभयो।

प्रमुख प्रशाशकीय अधिकृत श्रेष्ठले आगामी दिनमा निजी क्षेत्रमैत्री नीति निर्माण गर्ने जानकारी गराउँदै यसका लागि सबै सरोकार भएका पक्षहरूले समन्वयकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा ललितपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष विश्वराज बज्राचार्य, ललितपुर चेम्बर अफ कमर्शका अध्यक्ष पुष्परत्न शाक्य, विश्व बैंकका सामाजिक सुरक्षा विशेषज्ञ ज्यासमिन राजभण्डारी, आइएलओ नेपालका राष्ट्रिय कार्यक्रम संयोजक ताराप्रसाद बखरियालगायत उद्योग तथा वाणिज्य क्षेत्रका विभिन्न व्यक्तित्वको सहभागिता थियो ।रासस

# दूध र तरकारीमा आत्मनिर्भर



पर्वत । बिहादी गाउँपालिकाले पछिल्लो समयमा कृषि क्षेत्रमा प्रतिफल दिने गरी सक्रियता देखाएको छ। निर्वाहमुखी खेतीलाई व्यावसायिक र उत्पादनमूलक बनाउँदै गएको गाउँपालिका उत्पादन तथा प्रतिफलमा अगाडि देखिन थालेको छ । किसानलाई मागका आधारमा र सही ठाउँमा अनुदान, साझेदारी अनुदानका साथै यान्त्रिकीकरणका कारण उत्पादन बढ्न थालेको हो।

गाउँपालिकाबाट अहिले दूध, तरकारी, पोखरेली जेठो बुढोको चामल निर्यात हुन थालेको छ। पालिकाका कुनै पनि वडामा बाहिरबाट तरकारी र दूध आयात नहुने बरु यामअनुसार निर्यात गर्न थालिएको छ।

गाउँपालिकाले अहिले दूधमा प्रतिलिटर रु पाँच ढुवानी अनुदान किसानलाई दिने गरेको छ। यसले भैंसीपालक किसानले उत्साहित भएर दूध उत्पादन बढाउँदै लगेका छन्। बिहादीमा उत्पादन भएको दूध कुश्मा बजारसम्म पुग्ने गरेको छ । गाउँपालिकाका कृषि प्राविधिक जीवन शाहीले पछिल्ला दिनमा कृषि क्षेत्रमा पालिकाको लगानी बढेको र यसले यान्त्रिकीकरणमा सहयोग र विभिन्न खालका तालिमले किसानमा उत्साह थपेको दाबी गर्नुभयो।

चालु आर्थिक वर्षमा गाउँपालिकाले ९४ हाइटेक टनेल, ८० भकारो सुधार, झण्डै चार दर्जन कुटानीपिसानी मेसिन वितरण गरेको छ। पालिकाले झण्डै छ हजार किलो गहुँको बीउँ वितरण गरिसकेको छ। यस वर्ष एक सय ६० मौरीका घार वितरणको तयारी पनि भएको छ। मौरीका घार ५० प्रतिशत अनुदानमा गाउँपालिकाले वितरण गर्ने तयारी गरेको हो।

त्यसैगरी चालु आवमै कागती, सुन्तला, लिची, आपलगायतका फलफूलका बिरुवा वितरण गर्ने तयारी छ। गाउँपालिकामा सबैभन्दा बढी रैथाने बालीअन्तर्गत कोदो उत्पादन हुने गरेको छ । "बिहादीमा उत्पादन भएको कोदो र पोखरेली जेठो बुढोको चामलको माग चर्को छ", कृषि प्राविधिक शाहीले भन्नुभयो, "पछिल्ला दिनमा उत्पादन बढ्दै जाँदा निर्यात पनि बढेको छ।" किसानको मेहनत, प्राविधिकको निगरानी र जनप्रतिनिधिको प्रोत्साहनले गर्दा बिहादीमा कृषिप्रति आकर्षण बढेको शाहीको दाबी छ।

आगामी दिनमा स्थानीयस्तरमा उत्पादन भएको कृषि उत्पादकत्वलाई कृषि एम्बुलेन्समार्फत बजार पुर्‍याउन मद्दत गर्ने पालिकाको योजना छ। गाउँपालिकाले कृषि एम्बुलेन्स खरिद गरिसकेको छ । "अब केही समयमै कृषि एम्बुलेन्स आउँदैछ, त्यसपछि उत्पादन गरेको बस्तु बिक्रीका लागि कुनै कष्ट बेहोनुपर्दैन", शाहीले भन्नभयो।

गाउँपालिकाका अध्यक्ष प्रवीन गुरुङले पालिकाले गरेको लगानीले प्रतिफल दिनेगरी लागेको बताउनुभयो। उहाँले बिहादीलाई कृषि क्षेत्रमा आत्मनिर्भर गराउने गरी योजनाबद्ध रुपमा अगाडि बढेको जानकारी दिनुभयो। "के गर्दा बिहादी कृषिमा आत्मनिर्भर हुन्छ भनेर हामी लागिपरेका छौँ", अध्यक्ष गुरुङले भन्नुभयो, "दूध र तरकारीमा भए पनि अहिले आत्मनिर्भर हुँदा हामीलाई थप उत्साह थपेको छ।"

किसानले उत्पादन गरेको वस्तु बजार पुर्‍याउन समस्या भएको गुनासो आएपछि आफ्नै योजनामा गाउँपालिकाले कृषि एम्बुलेन्स खरिद प्रक्रिया अगाडि बढाएको अध्यक्ष गुरुङले बताउनुभयो । "अब कृषिजन्य वस्तु उत्पादन भएको बजार पुर्‍याउन सकिएन भन्ने अवस्था रहँदैन", उहाँले भन्नुभयो, "अहिले पनि गाउँपालिकाले दूधमा प्रतिलिटर रु पाँच ढुवानी अनुदान दिएका छौँ।"रासस


## Mithila Bihari Municipality
## Office of the Municipal Executive
### Tarapatti, Dhanusha
### Madhesh Province, Nepal

**Invitation for Electronic Bids**

**First Date of Publication :13thJestha, 2081(26/05/2024)**

1. Mithila Bihari Municipality, Office of the Municipal Executive. Tarapatti, Dhanusha invites electronic bid from the eligible and qualified registered bidders for the procurement of following Goods under Sealed Quotation (SQ), Name and Contract identification number are mentioned below though the details are in the bidding document.

| S. No. | Sealed Quotation Number | Item Description | Bid document Fees NRs. | Bid Security Amount | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| 1 | MBM/SQ/ G/2080-81/02 | Supply and Delivery of Sanitary Pad as Per Specification & Each Packet must Contain 8 Pcs. of Pad | 1000/- | 50000.00 | 28th Jestha, 2081 (12:00 Hours) | 28th Jestha, 2081 (14:00 Hours) |

2. For further information please refer to PPMO's website http://bolpatra.gov.np/egp. Any amendment innotice or biddocument will be posted in noticeof this office or PPMO's website.

**Chief Administrative Officer**

# अग्नि पीडितलाई संघको राहत

**टुडे समाचारदाता**

मलंगवा । भारतीय सीमावर्ती सर्लाहीको बिष्णु गाउँपालिका-१ बाराउद्योरण पुर्वारी टोलका आगलागीपीडित ६१ घर परीवारहरुलाई नेपाल प्रहरी श्रीमती संघले राहत सामग्री प्रदान गरेको छ ।

शनिबार दिउँसो नेपाल प्रहरी श्रीमती संघको आयोजना र नेपाल प्रहरी श्रीमती संघ मधेश प्रदेशको सहकार्यमा नेपाल प्रहरी श्रीमती संघको केन्द्रीय अध्यक्ष श्रीमती लक्ष्मी कुंवरको प्रमुख अतिथ्यता राहत सामग्री वितरण गरिएको जिल्ला प्रहरी कार्यालय मलंगवाका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) दिपक श्रेष्ठले जानकारी दिए।

बिष्णु गाउँपालिका अध्यक्ष जवाहर लाल प्रसाद यादवको विशेष उपस्थितिमा, मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रमुख प्रहरी नायव महानिरीक्षक( डीआईजी) यज्ञ बिनोद पोखरेल, नेपाल प्रहरी श्रीमती संघकी प्रशासन सचिव अनिता देवकोटा वास्तोला, नेपाल प्रहरी श्रीमती संघ मधेश प्रदेशकी अध्यक्ष गरिमा पोखरेल, नेपाल प्रहरी प्रदेश कार्यालय जनकपुरका प्रमुख प्रहरी बरिष्ठ उपरीक्षक सुरेन्द्र बहादुर गुरूङ, नेपाल प्रहरी श्रीमती संघ मधेश प्रदेशकी पदाधिकारी मिना गुरूङ , जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रमुख प्रहरी उपरीक्षक रबिन्द्र बहादुर सिंह, नेपाल प्रहरी श्रीमती संघकी प्रशासन सह-सचिव अनिता दहाल अधिकारी, बिष्णु गाउँपालिका वडा नं. १ का अध्यक्ष बिकाउ ठाकुर लगायतको आतिथ्यतामा खाद्यान्न तथा राहत सामग्री वितरण कार्यक्रम सम्पन्न गरिएको प्रहरीले जनाएको छ ।

# अन्न भण्डारण सञ्चालनमा

**टुडे समाचारदाता**

वीरगञ्ज । मध्यतराईको किसानलाई लक्षित गरी पर्साको विरुवागुठीमा अत्याधुनिक अन्न भण्डारण गृह सञ्चालनमा ल्याइएको छ । मुख्यरुपमा मकै, गहुँ र भटमासलाई सुरक्षित भण्डारण गर्नका लागि एक अर्ब ६३ करोड रुपैयाँको लागतमा तराईको सुनसरी स्थित औरावनी छप्की, कपिलबस्तुको वीरपुर र पर्साको विरुवागुठीमा अत्याधुनिक अन्न भण्डारण गृह निर्माण गरिएको नेपाल वेयरहाउजिग कम्पनि लिमिटेडले जनाएको छ।

शुक्रबार वीरगञ्जमा आयोजित कार्यक्रममा नेपाल वेयर हाउजिङ्ग कम्पनी लिमिटेडका महाप्रबन्धक समीरराज सत्याललले साईलो प्रविधिमा आधारित रहेर बैज्ञानिक प्राविधिमा अन्नलाई सुरक्षित रुपमा भण्डारणको व्यवस्था हुने गरी अन्न भण्डारण गृह सञ्चालनमा ल्याइएको जानकारी दिए।

सुरक्षित प्रविधियुक्त कृषि बजारीकरणलाई समेत टेवा पुग्ने र किसानलाई पनि सहुलियत रुपमा सहजता प्रदान गर्ने उद्देश्यले बैज्ञानिक अन्न भण्डारण



गृह सञ्चालनमा ल्याइएको कम्पनीका अध्यक्ष आनन्द बगारीयाले जनाकारी दिए।

उनले नेपालमा हरेक बर्ष करिब २० लाख टन मकै उत्पादन हुने गरेको र करीब ४ लाख टन मकै आयात हुँदै आए पनि ती खाद्यान्न सुरक्षित रुपले भण्डारणको व्यवस्था नभएको कारण ३० प्रतिशत खाद्यान्न नोक्सान हुनेगरेको बताए । त्यसैलाई मध्यनजर गरेर किसान र व्यापारीहरुका लागि कम्पनीले बैज्ञानिक प्रविधिको प्रयोगबाट गुणस्तरको समेत ख्याल गर्दै सुरक्षित तवरले भण्डारणको व्यवस्था मिलाएको अध्यक्ष बगारीयाको भनाइ थियो।

कम्पनीकी सञ्चालिका सदिक्षा श्रेष्ठका अनुसार, चीन र जर्मनीबाट आयात गरीएका अत्याधुनिक उपकरण र प्रविधिको प्रयोगबाट हाल मुख्य तीन उत्पदान गहुँ , मकै र भटवास भण्डारण गृह सुनसरी, पर्सा र कपिलवस्तुमा सञ्चालनमा ल्याएको छ। कम्पनीका अर्का संचालक सतिसचन्द्र श्रेष्ठले किसानका उत्पादन खरीद बिक्री गर्दै आएका व्यापारीहरुलाई नेपालमा पहिलो पटक सञ्चालनमा ल्याइएको साईलो भण्डारण प्रविधिलाई उपभोग गर्न आग्रह गरे।

नेपाल हाउजिङ्ग कम्पनी लिमिटेडले किसानलाई आवश्यक पर्ने बीउ, मल, विषादी, उपकरण तथा अन्य आवश्यक वस्तु बैंक तथा वित्तीय व्यवस्थापन अन्तर्गत धितो व्यवस्थापनका साथै नोक्सानी बीमाको समेत व्यवस्था गरेकाले सानादेखी ठूला किसानहरु लाभान्वित भइरहेको सञ्चालक प्रदीप अग्रवालले बताए। मकै र भटमास उत्पदान तर्फ पछिल्लो समय निरुत्साहित भएका किसानहरु फेरि पनि आकर्षित हुने र देशमा उत्पादनसंगै खपत पनि बढाउने विश्वास तथा उद्देश्य लिइएको उनले बताए।

भण्डारण गृहकै अभावमा किसानका उत्पादन २५ प्रतिशत नोक्सान भएर जाने गरेको सरकारी तथ्यांकले पनि देखाएको भन्दै उनले त्यसैलाई मध्यनजर गर्दै यस्ता भण्डारण गृहको अवधारणालाई अघि सारिएको बताए।

# पोखरीमा डुबेर दुईजनाको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषामा पोखरीमा डुबेर दुई जनाको मृत्यु भएको छ।

जिल्लाको जनकपुरधाम उपमहानगरपालिका-२० देवपुरा रूपैठास्थित साहुजी पोखरीमा डुबेर स्थानीय जयनारायण महतोका ६ वर्षीय छोरा शिवनन्दन महतो र राकेश पासवानका ६ वर्षीय छोरा आदित्य पासवानको शनिबार मृत्यु भएको छ।

पोखरीमा नुहाउने क्रममा डुबेको देखेपछि स्थानीयले उद्धार गरी जनकपुरधामस्थित अस्पतालमा ल्याइएको थियो।

पोखरीमा डुबेर अशक्त भएका उनीहरूको प्रादेशिक अस्पताल जनकपुरधाममा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

# एमालेद्वारा मधेशका जनप्रतिनिधिलाई प्रशिक्षण



**टुडे समाचारदाता**

बर्दिबास । नेकपा एमालेले मधेश प्रदेशबाट निर्वाचित आफ्ना जनप्रतिनिधि र पार्टी अध्यक्षसहित प्रदेश पदाधिकारीलाई तीन दिवसीय प्रशिक्षण दिँदै छ।

महोत्तरीको बर्दिबासमा शनिबारदेखि सुरु भएको तीन दिवसीय प्रशिक्षणमा एमालेको स्थानीय विकास विभाग तथा केन्द्रीय पार्टी स्कुल विभागको र एमाले मधेश प्रदेश कमिटीको व्यवस्थापनमा सुरु भएको शिविरको उद्घाटन पूर्वमन्त्रीसमेत रहेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले गरेका छन्।

सो उद्घाटन समारोहमा बोल्दै वरिष्ठ उपाध्यक्ष पोखरेलले विगतको सरकार देश र जनताप्रति उत्तरदायी हुन नसक्दा वर्तमान अवस्थामा एमालेसहितको नयाँ समीकरण बनेको बताए।

उनले प्रचण्ड नेतृत्वको सरकारलाई सफल बनाउँदै एमाले सामाजिक परिवर्तनको अभियान सफल बनाउनतर्फ लागेको बताए। वरिष्ठ उपाध्यक्ष पोखरेलले एमाले जनताको चाहना पूरा गर्दै आगामी दिनलाई मिसन ०८४ मा केन्द्रित भएको बताए।

एमाले मधेश प्रदेश कमिटीका अध्यक्ष चन्देश्वर मण्डलको अध्यक्षता एवं प्रदेश सचिव मनोज पौडेलको सहजिकरणमा कार्यक्रम भएको छ।

सो प्रशिक्षणमा केन्द्रीय स्थानीय विकास विभागका प्रमुख देवेन्द्र दाहाल, पोलिटब्युरो सदस्यहरू पुरुषोत्तम पौडेल, सुमनराज प्याकुरेल, रामदयाल मण्डल, केन्द्रीय सदस्यहरू रामऔतार यादव, कल्पना कटुवाल लगायतको उपस्थिति रहेको थियो।

सो प्रशिक्षणमा स्थानीय तहको बजेट जनमुखी कसरी बनाउने, प्रणालीगत कानुनी प्रबन्ध तथा स्थानीय तहमा न्यायिक अधिकार, स्थानीय विकास नयाँ सोच र नयाँ काम र स्थानीय तहको आर्थिक श्रोत परिचालन तथा व्यवस्थापन लगायतका विषयमा प्रशिक्षण केन्द्रीत रहेको जनाइएको छ।

# संयोजकमा होटल व्यवसायी पन्त

**टुडे समाचारदाता**

वीरगञ्ज । इलामको चुनावामा हार बेहोरेका राष्ट्रिय स्वतन्त्र पार्टीका राष्ट्रिय राजनीतिक तथा संगठनात्मक समीक्षा अभियान सुरु गरको छ। पार्टीका महामन्त्री डा मुकुल ढकाल अहिले तराई मधेशको समीक्षा दौडाहामा छन्।

इलामको चुनावमा पार्टीले बेहोरेको हारपरिणाम पछि पार्टीको कार्यकर्ताहरुसंग राजनीतिक कमजोरी, गुणासो र सल्लाहका साथै राजनीतिक समीक्षामा जेष्ठ ७ गते देखि मधेश दौडाहा सुरु गरेका छन।

यसैक्रममा मधेशको राजधानी जनकपुरधाम पुगेका महामन्त्री ढकालले राष्ट्रिय स्वतन्त्र पार्टी , पर्सा जिल्लाको नेतृत्व परिवर्तन गरेका छन् । उनले पार्टीको जिल्ला संयोजकमा प्रदेश सदस्य हरि पन्तलाई मनोनित गरेका छन् ।महामन्त्रीसंगको छलफल पछि पार्टीका मधेश प्रदेश महमन्त्री मनिष झाद्वारा हस्ताक्षरित पत्रमा जिल्ला सयोजकमा हरिपन्थलाई मनोनित गरिएको उल्लेख गरिएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीको विधान बमोजिम सम्बन्धित जिल्लामा रहेका प्रदेश सदस्य मध्येबाट एक जना जिल्ला




संयोजक र एकलाई उप-संयोजक चयन हुने प्रवधान रहेको छ।

जिल्ला संयोजक हुन सम्बन्धित जिल्लाको सम्पूर्ण निर्वाचित क्षेत्रीय पदाधिकारी, प्रतिनिधि र गठित पालिका पदाधिकारीहरुको मतले प्रदेश सदस्यमा निर्बाचित भएर आउनै पर्ने बाध्यकारी ब्यबस्था पनि छ । यसै अनुरुप पन्त डेढ महिना अघि भएको आन्तरिक निर्वाचनमा विजयी भएका थिए।

पन्त होटल ब्यबसायी महासंघ नेपालका केन्द्रीय सचिव र होटल तथा पर्यटन ब्यबसायी संघ पर्साका अध्यक्ष पनि छन्। उनी वीरगञ्ज उद्योग बाणिज्य संघका कार्यकारिणी समितिमा सदस्यका साथै उद्योग बाणिज्य संघकै होटल पर्यटन समितिमा उप-संयोजक समेत रहेका छन्।

# नौ दिनको महायज्ञमा १८ लाख बचत

**टुडे समाचारदाता**

राजविराज । विष्णु महायज्ञ समितिले चैत १६ देखि चैत २४ सम्म राजविराजमा आयोजना गरेको महायज्ञमा १८ लाख ५३ हजार ६ सय ८४ रुपैयाँ बचत गरेको छ।

जिल्लामा महायज्ञबाट यति ठूलो रकम बचत भएको तथा सो बारे पत्रकार सम्मेलन गरी सार्वजनिक गरिएको यो पहिलो पटक हो।

महायज्ञ सम्पन्न भएको स्थलमा शनिबार महायज्ञ मूल समितिले आय-ब्यय विवरण सार्वजनिक गरेको छ । विष्णु महायज्ञ मूल आयोजक समितिका कोषाध्यक्ष ध्रुब देवद्वारा प्रस्तुत आय-ब्यय विवरणमा विभिन्न पालिका, संघसंस्था, उद्योगी, व्यवसायी, चन्दा, दान पेटिका, दान दक्षिणा, समाजसेवी दाता र महायज्ञ स्थल आसपास लगाइएको खेल तमाशाबाट गरी कुल ६८ लाख ९९ हजार २ सय ५० रुपैयाँ संकलन गरेको जनाएका छन् । त्यसमध्ये ५० लाख ४५ हजार ५ सय ६ रुपैयाँ खर्च भई १८ लाख ५३ हजार ६ सय ८४ रुपैयाँ बचत भएको कोषाध्यक्ष देवले जानकारी दिए।



विश्वशान्ति, हिन्दू धर्मको प्रचार प्रसार र मानव कल्याणको कामनाका साथ स्थानीय राजविराज ६ खर्सालमा आयोजना गरिएको विष्णु महायज्ञ ९ दिन सम्म चलेको थियो। महायज्ञमा भारत र नेपालका साधुसन्तद्वारा प्रवचन, रासलिला, रामलिला लगायतका धार्मिक अनुष्ठान गरिएको थियो भने महायज्ञ अवधिभर मनोरन्जनका लागि रामझुल्ला, सर्कस, कुस्ति लगायतका खेल तमाशाको पनि आयोजना गरिएको थियो।

महायज्ञका लागि सबै भन्दा बढी खर्च पण्डाल र मूर्ति निर्माण तथा सागसज्जा र व्यवस्थापनमा भएको महायज्ञ आयोजक समितिका अध्यक्ष खुशीलाल यादवले बताए । "हामीले यो वर्ष सुरुवात गरेका छौं, अध्यक्ष यादवले भने, सबैको साथ र सहयोग कायमै रहे आउने वर्षमा यो भन्दा पनि भब्य र सभ्य रुपमा महायज्ञ गर्ने छौं।"

कार्यक्रममा महायज्ञ आयोजक समितिका सचिव योगेन्द्रप्रसाद देवले महायज्ञ भब्य र सभ्य रुपमा सम्पन्न गर्न सहयोग गर्ने सबै संघसंस्था र व्यक्तिहरुप्रति धन्यवाद र आभार व्यक्त गर्दै भविष्यमा पनि सहयोग र सद्भाव प्राप्त हुने अपेक्षा व्यक्त गरे।

**संचारकर्मी र दातालाई सम्मान**

पत्रकार सम्मेलनका अवसरमा महायज्ञ सफल बनाउन योगदान दिने संचारकर्मीदेखी विभिन्न संघसंस्था र व्यक्तिलाई महायज्ञ आयोजक समितिले कदरपत्र र दोसल्ला ओढाएर सम्मान गरे।

सम्मानित हुने संचारकर्मीमा मनोज कुमार माझी, बैद्यनाथ झा, मुरलीप्रसाद यादव, श्रवण कुमार देव र गणेशलाल देव छन् । यस्तै दाता र सहयोगितर्फ बासुदेव यादव, तेजनारायण लाल देव, महराज यादव, इन्द्र नारायण यादव, बोधकृष्ण भगत, ठकनीदेवी यादव, सुनैनादेवी देव, राजेशकुमार कर्ण, गोपाल महतो, कपिलदास, अमर साह, अनिल साह, रामानन्द देव लगायतलाई पनि आयोजकद्वारा सम्मान गरिएको छ।

# चक्कु प्रहार गरी छिमेकीको हत्या

**टुडे समाचारदाता**

वीरगञ्ज। पर्सामा चक्कु प्रहारबाट एक जनाको मृत्यु भएको छ । चक्कु प्रहारबाट पर्साको सखुवा प्रसौनी गाँउपालिका-४ ओझैया प्रसौनी टोलका ५० वर्षीय ललाई हजरा दुसादको मृत्यु भएको छ।

मादक पदार्थ सेवनले मातेका सुभाष हजारा दुसादसंगको झडपमा शुक्रबार साँझ छिमेकी ललाई हजरा दुसादको मृत्यु भएको छ।

ललाई माथि सुभाष हजराले चक्कु प्रहार गरेको मृतक परिवारको आरोप रहेको छ। ललाईको मुख, घाँटी र छातीमा सुभाषले अन्धाधुन्द चक्कु प्रहार गरेर घाइते बनाए पछि उपचारका लागि वीरगञ्ज ल्याउने क्रममा उनको मृत्यु भएको पर्सा प्रहरीले जनाएको छ।

ललाईको चक्कु प्रहारबाट मृत्यु भएपछि गाँउमा तनाव उत्पन्न भएको थियो। त्यसपछि प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक मोहनजंग थापाको नेतृत्वमा खटिएको प्रहरी टोलीले चक्कु प्रहार गर्ने सुभाषलाई नियन्त्रणमा लिएपछि अवस्था सामान्य भएको थियो । पक्राउ परेका सुभाषलाई ईलाका प्रहरी कार्यालयमा राखेर अनुसन्धान भईरहेको प्रहरी निरीक्षक थापाले जानकारी दिए।

# भलुवाही खोला सरसफाइ अभियान सुरु



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजविराज नगरपालिकामा रहेको भलुवाही खोला सरसफाइ अभियान सुरु गरिएको छ। सप्तरी युथ नेपालको आयोजनातथाराजविराजनगरपालिका र राजविराज युथ कम्युनिटीको सहकार्यमा शनिबारदेखि भलुवाही खोला सरसफाइ अभियान सुरु गरिएको छ।

"सरसफाइ तपाईंको हातमा हामी युवा तपाईंको साथमा" भन्ने नाराका साथ भलुवाही खोला पूर्ण सरसफाई गरेरै छाड्ने प्रतिबद्धताका साथ सरसफाइ अभियान प्रारम्भ गरिएको सप्तरी युथ नेपालले जनाएको छ।

समुदायलाई सफा, स्वास्थ, र वातावरणीय रूपमा सुधार गर्ने, वातावरणीय सुधार गरी सामुदायिक भावना मजबुत बनाउने, विभिन्न स्वास्थ्य समस्याहरू घटाउने, पर्यावरणीय सन्तुलन कायम राख्न, र समुदायको समग्र जीवनस्तर सुधार्न महत्वपूर्ण भूमिका खेल्ने यस सरसफाइ अभियानमा जनप्रतिनिधि, राष्ट्रसेवाक कर्मचारीहरु, राजनीतिक दल, सञ्चारकर्मी, स्थानीय युवाहरूले विगत देखि यस भलुवाही खोलाको सरसफाइको लागि अभियान थाल्नु सप्तरी युथ नेपालको राम्रो पक्ष रहेको स्थानीय बताउँछन्।

एक वर्षभित्र भलुवाही खोला सरसफाइ तथा बृक्षरोपण समेत गर्ने अभियानमा सम्पूर्ण सप्तरीबासी तथा आम राजविराजबासीको सहयोग पाउने अपेक्षाका साथ अभियानलाई अगाडि बढाइएको सप्तरी युथ नेपालले जनाएको छ।

भलुवाही खोला सरसफाइ अभियानको पहिलोदिन सप्तरी निर्वाचन क्षेत्र नम्बर २ (क) बाट निर्वाचित प्रदेश सभा सदस्य सतिशकुमार सिंह, राजबिराज नगरपालिकाकी कार्यबाहक मेयर इसरत परविन, प्रमुख जिल्ला अधिकारी किरण थापा, माओवादी केन्द्रका युवा नेता एवम् राजविराज नगरपालिका ८ का वडाध्यक्ष तथा नगर प्रवक्ता जयनारायण मण्डल, नेकपा एमालेका सप्तरी प्रवक्ता अखलेश कुमार झा, राजबिराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद गुरुङ्ग, लगायतको उपस्थिति थियो।

# सहकारी बैंकद्वारा तालिम




**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय सहकारी बैंक लिमिटेडले शाखाका व्यवस्थापकहरुलाई दुई दिने तालिम दिएको छ।

राष्ट्रिय सहकारी महासंघका संचालक नथुनी यादवको प्रमुख आतिथ्यतामा भएको सो तालिममा जयनाथ मण्डल, बैंकका संचालक एवं मधेश प्रदेशका संयोजक विश्वनाथ मण्डल, अमित ठाकुरलगायतहरुले सहभागी प्रशिक्षार्थीहरुलाई शुभकामना दिएका थिए। राष्ट्रिय सहकारी बैंक लिमिटेड जिल्ला शाखा समन्वय समितिका संयोजक रामनगिना राउतको अध्यक्षतामा भएको सो तालिममा धनुषा र महोत्तरीका गरी ४० जनालाई ईश्वर न्यौपानेले प्रशिक्षण दिएका छन्।


**हावाहुरीबाट जोगिने उपायहरू**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८